**तातो हावा "लू"बाट जोगिने उपाय**
- सकेसम्म दिउँसो घरबाहिर ननिस्कने,
- निस्कनै परे पातलो कपडाले टाउको छोप्ने वा छाता ओड्ने,
- फलफूलको रस र पानी प्रशस्त पिउने,
- धेरै पसिना आएमा जीवनजल पिउने,
- चीसो पानीले नुहाउने,
- कामकाज सकभर बिहान वा बेलुका गर्ने,
- मदिरासेवन नगर्ने,
- सकेसम्म चिया, कफी, सोडा जस्ता पेय पदार्थ नपिउने ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

PRATEEK DAILY

राष्ट्रिय 'क' वर्ग

# प्रतीक
दैनिक

eprateekdaily .com

**जनहितमा जारी सन्देश**
- हावाहुरीबाट बच्न घरको संरचना बलियो बनाऔं,
- हावाहुरी चल्न थालेपछि झ्याल–ढोका बन्द गरौं,
- छतका गमला सुरक्षितरूपमा राखौं,
- जस्तापातालगायतका वस्तुहरू खुला नछाडौं,
- सवारीसाधनमा रहँदा हावाहुरी चलेमा सवारीसाधन रोकेर सुरक्षित स्थानमा बसौं,
- हावाहुरीबाट हुने क्षति कम गर्न पूर्वतयारी एवं सतर्कता अपनाऔं ।

**वीरगंज महानगरपालिका**
नगर कार्यपालिकाको कार्यालय

❖ वर्ष ३७ ❖ २०८१ जेठ ३० गते बुधवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2024 June 12 Wednesday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क २८०

## नारायणी अस्पतालको मुद्दा फास्ट ट्र्याकमा सम्बोधन गरिने -स्वास्थ्यमन्त्री यादव

प्रस, वीरगंज, २९ जेठ/

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्री प्रदीप



तस्वीरः प्रतीक

यादवले अदालतमा विचाराधीन रहेको अस्पताल भवन निर्माणको मुद्दालाई फास्ट ट्र्याकमा सम्बोधन गर्न पहल गरिरहेको बताएका छन् ।

मङ्गलवार नारायणी अस्पताल, वीरगंजको निरीक्षण गर्दै उनले प्रधानमन्त्री र कानूनमन्त्रीसँग भेटेर मुद्दाको फैसला चाँडै गर्न आग्रह गरेको बताए । मन्त्री यादवले फैसला भएसँगै भवन निर्माणको काम द्रुतगतिमा अगाडि बढ्ने बताए ।

मन्त्री यादवले अस्पतालको पूर्वाधार विकासदेखि औषधि र उपकरण खरीदका लागि मन्त्रालयबाट विभिन्न प्याकेजहरू घोषणा गरिएको जानकारी गराए । उनले समग्र देशको स्वास्थ्य क्षेत्रमा सुधार ल्याउनका लागि पूर्वस्वास्थ्यमन्त्रीरूसँग सहकार्य गर्दै विज्ञहरूको सुझाव अनुसार काम गरिरहेको बताए ।

मन्त्री यादवले अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा एनामुल हकलाई अस्पतालका विद्यमान समस्याहरूको सूची तयार पारेर मन्त्रालयमा पेश गर्न निर्देशन दिए । उनले समस्याहरूको सूचीसँगै तत्काल, मध्यकालीन र दीर्घकालीन समाधानका उपायसहितको रिपोर्ट तयार पारेर मन्त्रालयमा आउन मेसुलाई सुझाव दिए ।

वीरगंज महानगरपालिकाका प्रमुख राजेशमान सिंहले नारायणी अस्पतालको स्तरोन्नति आफ्नो प्रमुख एजेन्डा भएको बताए । उनले अस्पतालको स्तरोन्नतिको लागि वीरगंज महानगरपालिकाले सहयोग उपलब्ध गराउने बताए । नगरप्रमुख सिंहले कर्मचारी आवासगृह निर्माणका लागि जग्गा उपलब्ध गराउने बताए ।

मन्त्री यादवले नारायणी अस्पतालको ओपिडी, फार्मेसी, पोस्टअप, ल्याबलगायतको अनुगमन गर्दै त्यहाँ उपचाररत बिरामी र कुरुवाहरूसँग कुराकानी गरेका थिए ।

उनले बिरामीहरूको उपचार, चिकित्सक र स्वास्थ्यकर्मीहरूको व्यवहार, औषधिको उपलब्धता र अस्पतालका अन्य सेवाहरूको गुणस्तरबारे जानकारी लिएका थिए ।

मन्त्री यादवले बिरामीका गुनासाहरूलाई तत्काल सम्बोधन गर्न अस्पतालका मेसु डा हकलाई निर्देशन दिए । फार्मेसीमा औषधिको व्यवस्थापनका लागि मन्त्रालयसँग बजेट माग गर्न र ओपिडी सेवाका लागि टिकट काउन्टर थप्दै सो स्थानलाई वातानुकूलित बनाउन निर्देशन दिए ।

अनुगमनपछि मन्त्री यादवले अस्पताल विकास समितिका सदस्य, मेसु, चिकित्सक र स्वास्थ्यकर्मीहरूसँग छलफल गरेका थिए ।

मेसु डा हकले भवन पुरानो हुँदा बिरामीहरूको उपचारमा समस्या भएको बताउँदै भवनको अवस्था जर्जर रहेको र वर्षायाममा पानी चुहिंदा उपचारमा कठिनाइ भइरहेको जानकारी गराएका थिए ।

मेसु डा हकले नारायणी अस्पताल ३५० शय्यामा स्तरोन्नति भएको वर्षौं बितिसक्दा पनि कर्मचारी दरबन्दी १०० शय्या अनुसारको नै रहेको बताए । उनले शय्या अनुसारको दरबन्दी कायम गर्न, आवासगृह, मेशिनरी र अन्य पूर्वाधारको अभावबारे जानकारी गराएका थिए ।

अनुगमनमा अस्पताल विकास समितिका अध्यक्ष धीरज गुप्ता, प्रदेशसभा पूर्वसदस्य जन्नत अन्सारी लगायतको सहभागिता थियो ।

## पर्सामा ३७ हजार बालबालिकालाई पोलियोविरुद्धको खोप दिइयो

प्रस, वीरगंज, २९ जेठ/

पर्सा जिल्लामा पोलियोविरुद्धको खोप



तस्वीरः फाइल

आशाप्रदरूपमा सफल भएको स्वास्थ्य कार्यालय, पर्साले जनाएको छ । खोप अधिकृत जयमोद ठाकुरले ३१ हजार १९६ जना विद्यालयका बालबालिकालाई पोलियोविरुद्धको खोप दिने लक्ष्य रहेकामा १४ वटा पालिकामा गरी ३७ हजार १९१ जनालाई पोलियोविरुद्धको खोप दिएको बताए ।

उनले विद्यालयबाहिर र जिल्लाबाहिरका विद्यार्थीहरू गरी लक्ष्यभन्दा बढी खोप प्रदान गरिएको बताए । पर्सा जिल्लामा राष्ट्रिय पोलियो खोप अभियान अन्तर्गत दुई चरणमा खोप लगाइएको थियो । पहिलो चरणमा जेठ १३ देखि १६ गतेसम्म र दोस्रो चरणमा जेठ २० देखि २६ गतेसम्म गरी खोप लगाइएको तर त्यसको रिपोर्ट आउन केही दिन ढिला भएको उनले बताए । हाल सबै ठाउँबाट खोपसम्बन्धी रिपोर्ट आइसकेको र रिपोर्ट अनुसार लक्ष्यभन्दा बढी खोप दिइएको उनले बताए ।

पहिलो चरणमा जेठ १३–१६ गतेसम्म खोप अभियान भएपनि एक दिन थप गरिएको, दोस्रो चरण लक्षित समयमै सम्पन्न गरिएको उनले बताए । वीरगंज महानगर, पोखरिया, पर्सागढी नगरपालिका, छिपहरमाई, जगरनाथपुर, पटेर्वासुगौली, जीराभवानी गाउँपालिकामा लक्ष्यभन्दा बढी विद्यार्थीहरूलाई खोप दिइएको खोप अधिकृत ठाकुरले बताए ।

उनले विद्यालयबाहिरका ६२९ र द्रुत सुलभ अनुगमनमा ५८ जनालाई पोलियोविरुद्धको खोप दिइएको बताए ।

अत्यधिक गर्मीको कारण पहिलो चरणको खोप अभियान प्रभावित हुने शङ्का गरिएको थियो । पर्सा जिल्लामा अधिकांश सामुदायिक विद्यालय १६ गतेदेखि बन्द भएका थिए । १५ गते गणतन्त्र दिवसले विद्यालय बन्द भएको र त्यसपछि अत्यधिक गर्मी बढेर बिदा दिएको कारण पहिलो चरणको खोप अभियान प्रभावित हुने आशङ्का गरिए पनि लक्ष्यभन्दा बढी खोप दिन सकेको खोप अधिकृत ठाकुरले बताए ।

## सकेट टेक्सटाइल्सका मजदूर आन्दोलित



प्रस, वीरगंज, २९ जेठ/

परवानीपुरस्थित कृषि अनुसन्धान कार्यालय जाने बाटोमा रहेको सकेट टेक्सटाइल्समा कार्यरत ४२ जना मजदूर मङ्गलवारदेखि आन्दोलित भएका छन् ।

कारखानाबाट निष्कासित भएका मजदूरहरूलाई पुनर्बहालीको माग गर्दै मजदूरहरू उद्योगमा पुगेपछि प्रहरीले हस्तक्षेप गरेको थियो । कारखानाले बाउन्सर बोलाइ मजदूरलाई लखेट्न लगाएको पीडित मजदूरले बताएका छन् ।

(बाँकी पाँचौं पातामा)

## तीन दिनमा चारजनाको शव भेटियो

प्रस, परवानीपुर, २९ जेठ/

पर्सा जिल्लामा आइतवार, सोमवार र मङ्गलवार गरी तीन दिनमा चारजनाको शव फेला परेको छ ।

मङ्गलवार बिहान ११ बजे जगरनाथपुर गाउँपालिका–१ बिसनपूर्वास्थित ओरिया खोलाबाट दुईजना पुरुषको शव फेला परेको प्रहरीले जनाएको छ ।

इलाका प्रहरी कार्यालय, सेढवाले ५५ र ६० वर्षका दुईजना पुरुषको शव भेटिएको र शल्यपरीक्षणको लागि नारायणी अस्पताल पठाइएको बताए । मृतक दुवैजनाको सनाखत हुन सकेको छैन र मृत्युको कारण पनि थाहा हुन सकेको छैन ।

बिहान मानिसहरू त्यसतर्फ गएका बेला शव भेटिएपछि प्रहरीलाई खबर गरेका थिए । यसैगरी, हिजो सोमवार वीरगंज महानगरपालिका–११ रामजानकी मठपछाडि श्रीसिया खोलामा एकजना व्यक्तिको शव भेटिएको छ । कम्मरमा रातो गम्छा, हरियो सेतो चेक सर्ट, कालो पाइन्ट लगाएको करीब ५१ वर्षीय पुरुषको शव भेटिएको जिल्ला प्रहरी कार्यालय, पर्साले जनाएको छ ।

यस अघि आइतवार वीरगंज–१६ शङ्कराचार्यद्वारस्थित खुला चौरमा एकजना ३० वर्षीय व्यक्तिको शव भेटिएको प्रहरीले जनाएको छ ।

## अनुमतिविना सञ्चालित पाँचवटा विद्यालयमा सिलबन्दी




तस्वीरः सौजन्य

प्रस, वीरगंज, २९ जेठ/

वीरगंज महानगरपालिकाले अनुमतिविना सञ्चालित पाँचवटा विद्यालयमा मङ्गलवार सिलबन्दी गरेको छ । सिजी एजुकेशनद्वारा सञ्चालित दिल्ली पब्लिक स्कूलको पूर्वप्राथमिक तह (मन्टेश्वरी) कक्षा निनोस वीरगंजको नामबाट वीरगंज महानगरपालिका–१२ मुर्लीबगैंचामा अनुमतिविना सञ्चालन भइरहेको पाइएकोले सिलबन्दी गरिएको महानगरले जनाएको छ ।

यसैगरी, वीरगंज–२६ सुगौलीमा २०५७ सालदेखि अवैधरूपमा सञ्चालित सिटिजन पब्लिक स्कूल र २०७५ देखि सञ्चालित एएस नलेज एकेडेमीमा सिलबन्दी गरिएको महानगरको शिक्षा महाशाखाले जनाएको छ ।

यसैगरी, वीरगंज–१८ भवानीपुरमा सञ्चालित सुरज एकेडेमी अनुमतिविना र अनुमतिभन्दा बढी कक्षा सञ्चालन गर्दै आएको भवानीपुरकै बुद्ध एकेडेमीमा पनि सिलबन्दी गरिएको छ ।

सिलबन्दी गर्न वीरगंज महानगरपालिका शिक्षा समितिको अनुगमन समितिका संयोजक ईश्वरचन्द्र यादव, शिक्षा अधिकृत आनन्द लामिछाने, नगरप्रमुखका जनसम्पर्क सल्लाहकार नवराज फुयाँललगायत गएका थिए ।

## नगरस्तरीय विपद् व्यवस्थापन बैठक

प्रस, बिरुवागुठी, २९ जेठ/

पर्सागढी नगरपालिकाको विपत्



व्यवस्थापन समितिको नगरस्तरीय बैठक मङ्गलवार सम्पन्न भएको छ ।

नगरस्तरीय विपत् व्यवस्थापन समितिका संयोजक नगरप्रमुख गोकर्ण पाठकको अध्यक्षतामा बैठक बसेको थियो ।

बैठकले जेठ २३ गते मध्य रातमा आएको विनाशकारी हावाहुरी बाट नगरभित्रका नागरिकहरूको घरटहरा क्षतिग्रस्त भई बास बस्न समस्या भएका घरपरिवारहरूलाई तत्काल राहत सामग्री वितरण गर्न पर्सागढी नगरपालिका वडा नं ४ का अध्यक्ष शेख खुर्सेद मियाँको संयोजकत्वमा ११ सदस्यीय समिति गठन गरेको छ । समितिका सदस्यहरूमा वडा सदस्यहरू राजेश सहनी, बृजमोहन

(बाँकी अन्तिम पातामा)

## पर्यावरण संरक्षणका लागि वृक्षारोपण

प्रस, परवानीपुर, २९ जेठ/

मधेस प्रदेश विश्वविद्यालयका उपकुलपति प्राडा दीपक शाक्यले पर्यावरण संरक्षण गर्नुपर्ने बताएका छन् ।

वीरगंज पब्लिक कलेजमा ट्रफी ओनिस्टाले आयोजना गरेको लिभिङ युथ इन्भ्वायरमेन्ट कार्यक्रममा प्राडा शाक्यले पर्यावरण संरक्षण नगर्दा अहिले पानीको समस्या विकराल रूपमा देखा परेको बताए । उनले पर्यावरण जोगाउनको लागि अधिकतम मात्रामा वृक्षारोपण गर्नुपर्नेमा जोड दिए । वनविनाश तथा प्राकृतिक स्रोतको अत्यधिक दोहनका कारण अहिले खानेपानीको अभाव भइरहेकोले वन तथा प्राकृतिक स्रोतको संरक्षणतर्फ ध्यान दिनुपर्ने र पानीको दुरुपयोग रोक्नुपर्ने बताए ।

कार्यक्रम संयोजक अनामिका तिवारीले पर्यावरण दिवसको अवसरमा कागज, कपडा र प्लास्टिकजन्य पदार्थको सदुपयोग कसरी गर्ने भन्नेबारेमा विद्यार्थीलाई अवगत गराउन कार्यक्रम आयोजना गरिएको बताइन् । उनले कार्यक्रममा क्यालन, अल्पाइन, रोयल स्कूल गरी तीनवटा विद्यालयका विद्यार्थीहरूलाई कपडा, कागज र प्लास्टिकको सदुपयोग गरेर तिनीहरूको पुनर्प्रयोगबारेमा जानकारी गराएकी थिइन् । उनले यी वस्तुहरूको पुनर्प्रयोग गरेर पोशाक, बरसातीलगायतका सामान निर्माण गर्न सकिने बताइन् ।

कार्यक्रममा पोखरिया नपाका पूर्वउपप्रमुख सलमा खातुन, वुमन स्किल सेन्टरकी चञ्चला दासलगायतको सहभागिता थियो ।

**विचारसार र सूक्तिहरू**

**यदि स्यालसँग इमानदारी सिक्ने हो भने कुखुरा चोर्नु नैतिकताभित्र पर्छ ।**

प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल
समाचार सम्पादक : आरके पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रकः प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१- ५२३१०५, ५२५१२२
email: prateekdaily@gmail .com, prateekdainik@yahoo .com
Website: www.eprateekdaily.com

# घरको आसमा बेघर जनता

**सङ्घ तथा प्रदेश सरकारको महत्त्वाकाङ्क्षी योजना जनता आवास कार्यक्रम दुवै तहका सरकारको हेलचेक्र्याइँका कारण अलपत्र अवस्थामा छ । २०७३ सालदेखि देशभर लागू भएको जनता आवास कार्यक्रम अन्तर्गत बारा, पर्सा, रौतहटका सयौं दलित पक्की घर बन्ने लालसामा परेर भएको पुरानो कच्ची बासबाट पनि वञ्चित भएका छन् । आठ वर्षको अवधिमा अधिकांश दलित घर भत्काएर खुल्ला आकाशमुनि बस्न बाध्य छन् । कोही छिमेकीको घरमा भाडा लिएर बसेका छन् भने अधिकांश अहिलेसम्म त्रिपालको भरमा जीवन गुजारिरहेका छन् । गर्मी, जाडोमा जेनतेन गुजारा गर्दै आएका यी परिवारलाई वर्षात्को समयमा भने निकै कष्टकर जीवन व्यतीत गर्नुपर्छ । तर सरकार उनीहरूको यो बिजोगलाई हटाएर उनीहरूलाई आवासको गतिलो प्रबन्ध मिलाउन असफल साबित भएको छ । सामान्यतया एउटा घर अहिलेको समयमा बन्नका लागि तीन महीना लाग्छ । जनता आवास कार्यक्रम अन्तर्गतका संरचना बनाउन मुश्किलले दुई महीना पनि लाग्दैन । तर आठ वर्ष बितिसक्दा पनि सरकारले यो योजनालाई पूरा गर्न सकेको छैन । सरकारले एउटा घर निर्माणका लागि तीन लाख ३६ हजार चार किस्तामा उपलब्ध गराउँछ ।**

**जुन वर्ग, समुदायलाई लक्षित गरेर जनता आवास कार्यक्रम लागू गरिएको हो, त्यो वर्ग, समुदाय शिक्षित छैन । उनीहरूले उपभोक्ता समिति बनाउने, हरहिसाब गर्ने र त्यसको नियमित फर्छ्योट गरेर अर्को किस्ताबापतको रकम बुझेर कामलाई गति दिने कार्य गर्न सकेका छैनन् । यही कुराको फाइदा कर्मचारीहरूले उठाउँदै आएका छन् । पहिलो किस्ताबापतको निर्माणको काम सकिएपछि दोस्रो किस्ताको लागि कार्य सम्पन्न भएका आधार प्रमाणहरू पेश गरेको खण्डमा मात्र अर्को किस्ताबापतको रकम प्राप्त हुन्छ । यस्ता कार्यहरू सरकारले उपभोक्ता समितिमार्फत गर्नुको साटो ठेक्कामार्फत गरेको भए लाभदायी र परिणाममुखी हुने थियो । तोकिएको समयमा तोकिए अनुसारको काम सम्पन्न गर्ने र सोबापतको भुक्तानी ठेकेदारले लिने थिए । तर अहिले उपभोक्ता समितिमार्फत काम गर्दा केही टाठाबाठाहरूले त्यसको गलत फाइदा उठाएका छन् र उनीहरूको आडमा कर्मचारीहरू पनि लाभान्वित भएका छन् । सरोकारवाला गरीब, विपन्न जनता मारमा परेका छन् । सरकारले जनता आवास कार्यक्रमको लागि पठाउने रकम यसरी दुरुपयोग हुँदै आएको देखिन्छ । पहिलो, दोस्रो र तेस्रो किस्ताका लागि दलितहरूको माग दाबी पुगिरहेको छैन । कर्मचारीहरू भने पुरानो योजनाका घरहरू सम्पन्न गर्ने अनि अर्को नयाँ घरमा लगानी गर्नेभन्दा पुरानो घरको निर्माण असरल्ल पारेर नयाँ घर निर्माणमा लगानी गर्दैछन् ।**

**सङ्घ सरकारको यो महत्त्वाकाङ्क्षी र लोकप्रिय कार्यक्रमको प्रदेश सरकारले पनि अङ्गीकार गर्दै निधि आवास कार्यक्रम सञ्चालनमा ल्याएको छ । सङ्घ सरकारले यो योजना कार्यान्वयन गर्दा देखिएका त्रुटिहरूलाई सच्चाएर प्रदेश सरकारले गरीब, दलित जनतालाई सरल, सहज तरीकाबाट घर कसरी उपलब्ध गराउने भन्नेतर्फ सोचविचार नगरेको कारण अहिले प्रदेश सरकार अन्तर्गत निधि आवास कार्यक्रम अन्तर्गतका भवनहरू पनि अधूरो अवस्थामा छन् । तसर्थ लक्ष्य अनुसारका घर निर्माण कसरी पूरा गर्ने र गरीब, दलितहरू नयाँ पक्की भवनमा बस्न सकून् भन्नेतर्फ विचार पुऱ्याउन जरुरी छ ।**

# तेस्रो मधेस सरकारको अवसर तथा चुनौती

**स्वतन्त्र विचार**



**अधिवक्ता वीरेन्द्र प्र यादव**

**मधेस प्रदेशमा उर्वर भूमि तथा औद्योगिक अवसर भएपनि, चाहे जति लाभ पाउन नसक्नुका साथै बेरोजगारी बढेको छ । विदेशीले अवसर पाए पनि स्वदेशी रोजगारबाट वञ्चित छन् । विदेशीले नागरिकता लिएर रैथानेलाई झन् अल्पमतमा पारेको समस्या उत्तिकै छ ।**

मुलुक एकात्मकबाट सङ्घीय गणतन्त्रात्मक व्यवस्थामा गएदेखि मधेस प्रदेशमा तीनवटा सरकार बनेको छ । पहिलो सरकार लालबाबूराउत गद्दीको नेतृत्वमा गठन भयो । जसले अरू केही नगरे पनि पूरा कार्यकाल सरकार चलायो, जुन सुखद पक्ष हो । यद्यपि उक्त समयमा मधेसवादी दलहरूको बहुमत थियो । उक्त सरकारले आफ्नो कार्यकालमा गरेका केही काम विवादरहित नरहे पनि केही उत्साहजनक काम गऱ्यो । जस्तै मधेस विश्व विद्यालयको स्थापना, प्रदेश प्रहरी समबन्धमा प्रयास, प्रदेश लोकसेवा आयोगसम्बन्धी बेटी पढाऊ, बेटी बचाऊ जस्ता अभियान तथा प्रदेशभित्रको रोड नालालगायत भौतिक पूर्वाधारका सम्बन्धमा केही काम गरेकै हो । यद्यपि आर्थिक अनियमिमता तथा भ्रष्टाचारका आरोप पनि नलागेको होइन । त्यसैले पहिलो सरकारका मुख्यमन्त्रीलगायत केही मन्त्री तथा सांसद दोस्रो चुनावमा जनताबाट अनुमोदित भए ।

दोस्रो चुनावमा पहिलो चुनावजति सफलता प्राप्त भएन, यसबाट निश्चितरूपमा मधेस सरकारले जन–अपेक्षा पूरा गर्न नसकेको नै भन्नुपर्छ । सरकारमा जानु ठूलो कुरा होइन, त्यहाँ गएर जनताको मन जित्नु महत्त्वपूर्ण हो । सरकारमा गएपछि जनताको चाहना अनुसार काम भएन भने जनताले पछि पार्ने खतरा हुन्छ । यस अर्थमा सरकारमा सहभागी हुनु भनेको अवसरभन्दा चुनौती बढी हो ।

दोस्रो मधेस सरकार सरोज यादवको नेतृत्वमा बनेको थियो जुन २ वर्षमैं बर्खास्त भयो । यसबाट नयाँ सरकारले पाठ सिकेर पहिलेको सरकारले खेपेको आलोचनाको भागीदार हुनुभएन । पहिलो सरकारले थालेको अधूरो विकास कार्यलाई निरन्तरता दिने मात्र होइन, जनताको हकहितमा जुनसुकै सरकारले चालेको कुनै पनि योजना पूरा गर्न हच्किनुहुँदैन । आसेपासे र कार्यकर्ताभन्दा आम जनताको भलोमा केन्द्रित हुनुपर्छ । निवर्तमान सरकारले विश्वासको मत प्राप्त गर्न नसक्नुमा केन्द्रको गठबन्धन तथा पार्टी विभाजनको असर त हो नै, आम जनताले पनि खासै वास्ता गरेको देखिएन । कागको लागि बेल पाक्नु हर्ष न विस्माद भनेझैं सरकार परिवर्तनलाई जनताले प्रतिक्रियाहीन स्वीकृति दिंदा प्रदेश सरकार आम जनताबाट टाढा छ भन्ने सन्देश गएको छ ।

वर्तमान सरकार आम जनता नजीक पुग्नु पहिलो दायित्व देखिन्छ । प्रदेशवासीले आफ्नो मुख्य संरक्षक प्रदेश सरकारलाई बुझोस्, यस्तो जन–मनोविज्ञान विकसित गर्न सक्नुपर्छ । प्रदेशवासीले प्रदेश सरकारभन्दा हाम्रो सरकार भनेर चिनोस्–चिनाओस् र गर्व गरोस् । अन्यथा सङ्घ बनेको थोरै समयमा प्रदेश सरकार, अवाञ्छित खर्चको पोको भनी चिन्ने–चिनाउने गरिएको छ । जनताको टाउकोमा करको मात्रा बढाउने भारको रूपमा लिन थालिएको छ । जनताले कर तिरेको छ र त्यसको प्रतिफल देख्न खोजेको छ । जुन वर्तमान सरकारले देखाउन सकेन भने सरकार फेरबदल हुनुको कुनै अर्थ रहँदैन । यद्यपि यो कार्य चुनौतीरहित छैन ।

पहिलो चुनौती गठबन्धन–सरकार नै हो । एउटा गठबन्धन तोडी अर्को गठबन्धन बनाउनु भनेको हिलोले हिलो सफा गर्ने प्रयत्न हो । मुख्यमन्त्रीको दल ठूलो दल पनि होइन । ठूलो दलको सहारामा बनेकोले ठूलो दलको इशारामा काम गर्नुपर्छ । जतिवटा दलको गठबन्धन छ, त्यतिजना मुख्यमन्त्री छन् भनी बुझ्नुपर्छ । मुख्यमन्त्रीको कुर्सी अन्य दलको सहारामा टिकेकोले अरू दलको सहमतिबेगर काम गर्दा खतरा हुन्छ ।

मुख्यमन्त्रीले बाँकी कार्यकालसम्म गठबन्धनको विश्वास जोगाइराख्नु अर्को चुनौती हो । विगतका सरकारहरूले केही महत्त्वपूर्ण ऐन–कानून, नियमावली निर्माण, आयोग गठनलगायत कार्य गरेर मार्ग फरालिको पारेका छन्, जुन वर्तमान सरकारको लागि अवसर हुन सक्छ । यसबाहेक मधेस सरकारसँग आम जनताको अनेकौं अपेक्षा छ । तिनको सम्बोधनले जनता नजीक बन्न सकिन्छ । मधेसमा शिक्षा स्वास्थ्यको समस्या हुनुका साथै बेरोजगारी तथा कृषिको समस्या छ । किसानले मलखाद पाउन नसक्नुका साथै बजार व्यवस्था छैन । मधेस प्रदेशमा उर्वर भूमि तथा औद्योगिक अवसर भए पनि, चाहे जति लाभ पाउन नसक्नुका साथै बेरोजगारी बढेको छ । विदेशीले अवसर पाए पनि स्वदेशी रोजगारबाट वञ्चित छन् । विदेशीले नागरिकता लिएर रैथानेलाई झन् अल्पमतमा पारेको समस्या उत्तिकै छ ।

प्रदेश सरकारमाथि मितव्ययिता, वित्तीय अनुशासनलगायतको कमी देखिनुका साथै भ्रष्टाचारको आरोप पनि उत्तिकै छ । बजेटको सदुपयोगभन्दा असारे विकास र कमिशनको चक्करले विकास धराशायी रहेको विज्ञहरू बताउँछन् । खुला सिमानाको व्यवस्थापन नहुँदा आपराधिक गतिविधि बढ्नुका साथै स्वदेशी उत्पादन तथा युवा समस्यामा परेका छन् । यस प्रदेशभित्र पर्यटनको आधार कम छैन तर पर्यटकीय स्थलको विकास तथा पर्यटकहरूलाई आकर्षित गर्ने कार्य कछुवा गतिमा छ ।

यहाँका पर्यटक छिमेकी, खासगरी भारतीय हुन् । तर तिनका सवारी साधन तथा नगद रकममा लगाइएको सीमितताले प्रदेश थप आयको अवसरबाट वञ्चित छ । मधेस प्रदेशभित्र नै सरकारी मेडिकल कलेजहरूको अभाव देखिन्छ भने यहाँका अनेकौं स्थानीय भाषा, संस्कृतिको विकासतर्फ खासै चासो दिएको देखिन्न । कुनै पनि भाषा सरकारी कामकाजको भाषाको रूपमा प्रयोग हुन सकेको छैन । प्रदेश भित्रको खेलकूदको अवस्था उत्साहजनक देखिन्न भने प्राविधिक शिक्षाको अभाव उत्तिकै देखिन्छ । प्रदेशको वन–जङ्गल तथा चुरेलगायतको अवस्था दैयनीय बन्नुका साथै बाढीको प्रकोप दिनानुदिन बढ्दै छ । खेतीयोग्य मलिलो माटो बाढीले बगाउने समस्या त वर्षौंदेखि छ अब खानेपानीको अभाव पनि छरपस्ट भएको छ । चापाकलहरू सुक्ने समस्याले आम जनता निकै त्रसित छ ।

स्थानीय सरकार जनताको सुविधाको लागि गठन भएको छ तर स्थानीय सरकार प्रति आम जनताको सकारात्मक सोच देखिन्न । स्थानीय सरकारसँग प्रदेश सरकारको समन्वयकारी भूमिकाको अभाव देखिएको छ । बजेट विनियोजनमा समन्वय देखिन्न । ठेक्कापट्टाको कुरा पारदर्शी छैन । प्रदेशभित्रको सहकारीको समस्याले आकाश नै छोएको छ । मुलुकको अर्थतन्त्र निजी, सहकारी तथा सरकारी गरी संविधानले तीन आर्थिक–स्तम्भ बनाए पनि अहिले सहकारीलाई जनता ठग्ने र भाग्ने संयन्त्रको रूपमा हेर्न थालिएको छ । सहकारी पूर्णरूपले प्रदेश सरकारको क्षेत्राधिकारभित्र छ । यसतर्फ पक्कै पनि प्रदेश सरकारको ध्यान पुग्न सकेको छैन, जसको वर्तमान सरकारबाट अपेक्षा गर्नु नितान्त स्वाभाविक देखिन्छ ।

विपक्षी दलहरूले पनि आफूले गर्न नसकेको काम अर्को सरकारले गर्दा अवरोध खडा गर्नुभन्दा राम्रो काममा सहयोग गर्नुपर्छ भने गलत कामको कडा आलोचना गर्नुपर्छ र रोक्न पनि सक्नुपर्छ । राजनीतिमा स्थायी शत्रु कोही हुँदैन भन्ने सिद्धान्त अङ्गीकार गरी जनहितको मार्गमा योगदान दिन सक्यो भने सानो दलको नयाँ सरकार भएर पनि वाहवाहीको हकदार बन्नेछ ।

# तुलाधरको मूर्तिकलाले जित्यो एक लाख पुरस्कार

काठमाडौं, २९ जेठ/रासस

ललितपुरको बुङ्मतीका सुरेश लवट तुलाधरले परम्परागत मूर्तिकला साधनामा २० वर्ष खर्चिसकेका छन् । परम्परागत कला सिर्जनामा होमिनेमा उनी चौथो पुस्ता हुन् । पुस्तान्तरण हुँदै आएको कलाको बिंडो उनीपछिको पुस्ताले धान्ला वा नधान्ला उनी यकीनसाथ भन्न सक्ने अवस्थामा छैनन् । तर तुलाधरले भने जीवनलाई यही कलामा समर्पण गरिसकेका छन् ।

कलायात्राको २० वर्षे यात्रामा उनलाई यसपटक अपेक्षा नगरेको उपहार प्राप्त भयो । नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानको राष्ट्रिय ललितकला प्रदर्शनी, २०८१ मा राखिएका ४८२ कलाकारका ५२२ कलाकृतिमध्ये सर्वोत्कृष्ट ठहरिएको '२१ तारा'ले रु एक लाख पुरस्कार पायो । उक्त पुरस्कारलाई उनी २० वर्षको मेहनतको उपलब्धि हो भन्छन् ।

प्रदर्शनीमा परम्परागत, आधुनिक, धर्म, संस्कृति, इतिहास, दैनिक जनजीवनसँग सम्बन्धित विभिन्न दृश्यचित्र राखिएका छन् । त्यसमध्ये उनको सिर्जना परम्परागत काष्ठमूर्तिकला '२१ तारा' हो । त्यसमा नियमबद्ध र परम्परागत बुट्टाले कलालाई थप आकर्षक बनाएको छ ।

परम्परागत कला सिर्जना गर्न सजिलो छैन । नियममा रहेर बनाउनुपर्ने भएकाले पनि कठिन हुने उनको अनुभव छ । त्यसमाथि कलामा निपुण हुनैपर्छ । उनको उक्त सिर्जनामा पाँचवटा ताराको प्रतिनिधित्व पञ्चबुद्धले गरेको छ । हरेक ताराले के भन्न खोजेको हो, त्यसमा रहेको चिह्न, सङ्केत र वस्तुमार्फत व्यक्त गरिएको छ । ध्यानी बुद्धलाई नै पञ्चबुद्ध भन्ने गरिएको उनको भनाइ छ । वैरोचन, अक्षोभ्य, रत्नसम्भव, अमिताभ र अमोघसिद्धिको सामूहिक नाम नै पञ्चबुद्ध हो । मूर्तिकलाको तल अष्टमङ्गल रहेको छ ।



तस्वीरः रासस

लेखक वसन्त महर्जनले काठमाडौंको बौद्ध समाजमा घरको मुख्य प्रवेशद्वारमाथि लहरै पञ्चबुद्धको चित्र अङ्कित गर्ने चलन रहेको उल्लेख गरे । पञ्चबुद्धको नामक्रममा वैरोचन बुद्धलाई पाँच बुद्धको मध्यभागमा राख्ने गरिन्छ । बीचमा ठूलो काष्ठकला (ग्रीन तारा) कुँदिएको छ । त्यसको उत्पलामा विश्वबज्र छ । यसले शक्तिको प्रतिनिधित्व गर्छ ।

सबैभन्दा अगाडि मञ्जुश्री राखिएको छ । कलाकार तुलाधार भन्छन्, "त्यसरी राख्नुको कारण मञ्जुश्री सबैको गुरु हो । त्यसैले कसैले नाघ्नुभएन भनेर अगाडि राखिएको हो ।" २१ वटै तारालाई पहिचान दिने चिह्नहरू छन् । जसले आआफ्नो महत्त्व दर्शाइदिन्छ ।

पञ्चबुद्धको मुनि धर्मरक्षकका रूपमा गरुड, बेताल, सिंह, मकर विभिन्न स्वरूपमा कुँदिएका छन् । उनको सिर्जनामा नागकन्या पनि समावेश छ । बौद्धधर्म अनुसार मनको इच्छा पूरा गर्ने ताराका रूपमा २१ तारालाई लिइन्छ । चाँपको काठबाट बनाइएको परम्परागत काष्ठकलामा रहेको एउटा/एउटा ताराको छुट्टै महत्त्व र व्याख्या छ ।

कलाकार तुलाधरले २० वटा तारा एउटै काठबाट बनाएका हुन् । एउटा काठमा कला भर्न सजिलो छैन । त्यसमाथि मसिना बुट्टाका साथै नियममा बाँधिएर कला बनाउनु झन् गाऱ्हो हुने उनको भनाइ छ । एउटा आधार र एउटा तारा छुट्टै काठबाट बनाइएको छ । उनले काष्ठकला धेरै बनाए तर यो अवधारणामा भने पहिलो बनाएको बताए । "ठूलो र विस्तृतमा बनाइएको यो मेरो पहिलो हो र यसैले सर्वोत्कृष्ट पुरस्कार पाउँदा खुशी भएँ," उनले भने ।

साधन माला अन्तर्गत प्रतिमा लक्षण सिद्धान्तमा आधारित रहेर बनाइएको परम्परागत मूर्तिकलामा नियम मिच्न पाइँदैन । कलाकार तुलाधरले भने, "यो कला नियममा रहेर नै बनाउनुपर्छ, कतै छुट भयो भने कलाको महत्त्व नै हुन्न, त्यसैले जसले पनि परम्परागत कला बनाउन गाऱ्हो हुन्छ । शास्त्रहरू जानेकै हुनुपर्छ, कला साधकले नियम बुझेकै हुनुपर्छ ।"

उनले २१ तारा बनाउन नौ महीना खर्चिएका छन् । यो परम्परागत काष्ठ मूर्तिकला एक वर्ष घरमा बस्यो । प्रदर्शनीमा लैजाने सोच थिएन तर प्रतिष्ठानबाट प्रदर्शनीका लागि अनुरोध भएपछि मात्रै उनले गएको माघमा कला पठाएका हुन् ।

प्रादेशिक ललितकला प्रदर्शनीमा बाग्मतीको प्रतिनिधित्व गर्दै प्रदर्शन भएको उक्त कला राष्ट्रिय प्रदर्शनीमा पनि सहभागी भएको थियो । जसमा ११ जना निर्णायकबाट अङ्कका आधारमा तुलाधरको सिर्जना सर्वोत्कृष्ट बनेको नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानले बताएको छ ।

(बाँकी पाँचौं पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

# 'नेपालबाट रु ३० खर्बको सूचना प्रविधि निर्यात सम्भव'

काठमाडौं, २९ जेठ ⁄ रासस

नेपाललाई सूचना प्रविधिको हबका रूपमा विकास गर्न आगामी आर्थिक वर्षको बजेटमा सूचना प्रविधि दशक घोषणासहित रु ३० खर्बको निर्यात र १५ लाख जनशक्तिलाई रोजगार दिने कुरा महत्त्वाकाङ्क्षी भएपनि सफल पार्न सकिनेमा सरोकारवालाहरू निश्चिन्त देखिएका छन् ।

नेपाल आर्थिक पत्रकार समाज (सेजन)ले मङ्गलवार आयोजना गरेको 'सूचना प्रविधि दशक र आगामी कार्यदिशा' विषयक कार्यक्रममा सरोकारवाला विज्ञहरूले नीतिगत सुधार र कानूनी अल्झन हटाइ स्थिर नीति बनाउन सकेको खण्डमा रु ३० खर्बको सूचना प्रविधि सेवा निर्यात गर्न सम्भव हुने बताए ।

अर्थमन्त्री वर्षमान पुनले आर्थिक वर्ष २०८१/८२ को बजेटमार्फत १० वर्षमा रु ३० खर्बको सूचना प्रविधिसम्बन्धी सेवा निर्यात र पाँच लाख प्रत्यक्ष तथा १० लाख अप्रत्यक्ष रोजगार सिर्जना गर्ने लक्ष्य प्राप्त गर्न सरकारले नीतिगत निर्णय गरी उद्योगलाई संरक्षण र प्रवर्द्धन गरेर निजी क्षेत्रलाई प्रोत्साहन गर्न खोजेको बताए । अर्थमन्त्री पुनले सूचना प्रविधिलाई प्राथमिकतामा राखी कानूनी आधार तयार गरी सूचना प्रविधि क्षेत्रमा नीतिगत स्थायित्वका लागि उच्चस्तरीय आयोग गठन गर्ने जानकारी दिए ।

उनले 'डिजिटल नेपाल फ्रेमवर्क' परिमार्जन गरी सोको कार्यान्वयन र अनुगमन गर्न संस्थागत व्यवस्था गर्ने, काठमाडौं उपत्यका र बुटवलमा उच्च गतिको इन्टरनेट, विद्युत, सुरक्षालगायत पूर्वाधारसहित सूचना प्रविधि पार्क सञ्चालन अगाडि बढाइने जानकारी दिँदै कम्तीमा प्रत्येक प्रदेश समेटिने गरी १० वटा सूचना प्रविधि पार्क बनाउने योजना सरकारको रहेको बताए ।

अरू वस्तु तथा सेवा निर्यात गर्दा बल्लबल्ल डेढ खर्बको निर्यातमा पुगेको अवस्थामा आइटी क्षेत्रमा थोरै सहजीकरण गर्न सके वार्षिक रु तीन खर्बको निर्यात गर्न सकिने अनुभव यस क्षेत्रका विज्ञहरूको रहेको पनि उनको भनाइ छ ।

सञ्चार तथा सूचना प्रविधि मन्त्री रेखा शर्माले आइटी दशकको लक्ष्यमा पुग्न मन्त्रालयको नेतृत्वमा कार्यदल गठन गरिने स्पष्ट पार्दै हरेक वर्ष गर्नुपर्ने क्रियाकलापको स्पष्ट खाका कोरिने बताइन् ।

आगामी आवको बजेटले सूचना प्रविधि क्षेत्रमा लिएका नीति कार्यान्वयनका लागि नेपाल टेलिकम र नेपाल दूरसञ्चार प्राधिकरणले सोहीअनुरूप बजेट बनाइरहेको बताउँदै शर्माले स्वदेशमा बनेका सफ्टवेयरलाई स्वदेशमै खपत गराउन सरकार लागिपरेको पनि जानकारी दिइन् ।

काठमाडौँ र बुटवलमा बन्ने सूचना प्रविधि पार्कमा निशुल्क स्थान उपलब्ध गराउने र सार्वजनिक–निजी साझेदारीमा विभिन्न कार्यक्रम गरिने पनि सञ्चारमन्त्री शर्माले बताइन् । डिजिटल अर्थतन्त्र, नवप्रवर्तन र इनोभेसनको प्रवर्द्धन, रोजगारको सिर्जना, डिजिटल सुशासनका लागि सरकारले आवश्यक नीति र कानूनको परिमार्जन गर्दै अघि बढ्ने दृढता पनि उनले प्रकट गरे । आगामी आर्थिक वर्षलाई सूचना–प्रविधि दशकको प्रस्थान वर्षका रूपमा अगाडि बढाउने र सूचना प्रविधिलाई अर्थतन्त्रको खम्बाका रूपमा स्थापित गर्ने धारणा राखिन् ।

सूचना प्रविधिमार्फत अर्थतन्त्रको विकास र रोजगार सिर्जनाका निम्ति सरकारले अगाडि बढाएका कार्यक्रम प्रभावकारी तुल्याउन र प्रविधिको प्रयोगमार्फत आर्थिक–सामाजिक रूपान्तरण गर्न सकिने मन्त्री शर्माले स्पष्ट पारिन् । उनले विसं २०७६ सालमा शुरू भएको डिजिटल नेपाल फ्रेमवर्कको प्रभावकारी कार्यान्वयन हुन नसकेको बताइन् । सूचना प्रविधि क्षेत्रमा एक लाख जनशक्ति काम गरिरहेको र सरकारसँग स्पष्ट तथ्याङ्क नभएकाले गाह्रो भइरहेको समेत उनले बताइन् ।

कार्यक्रममा कार्यपत्र प्रस्तुत गर्दै सर्वाङ्गीण विकास अध्ययन केन्द्र (आइआइडिएस) परामर्शदाता एवं सूचना प्रविधि क्षेत्रमा सीप तथा रोजगार विज्ञ डा अमृता शर्माले सूचना प्रविधि क्षेत्रको विकासका लागि राजनीतिक प्रतिबद्धतासहित नीतिगत स्थिरता आवश्यक रहेको बताइन् । यस वर्ष प्रविधि दशकको प्रस्थान वर्षका रूपमा रहेको र डिजिटल नेपाल फ्रेमवर्क सही मार्गमा आउनुपर्ने उनको भनाइ छ ।

"सूचना प्रविधि दशकका लागि निजी क्षेत्रलाई हेर्ने दृष्टिकोण आवश्यक छ र सरकार व्यवसाय प्रवर्द्धक र संवर्द्धकका रूपमा बस्नुपर्छ," शर्माले भनिन् । परराष्ट्र मन्त्रालयमार्फत 'टेक डिप्लोमेसी'को अवधारणा अघि बढ्नुपर्ने आवश्यकता रहेको बताउँदै उनले नेपालको प्रविधि उद्योगलाई विश्वभरि पुर्‍याउन दूतावासहरूले भूमिका खेल्नुपर्ने धारणा राखिन् ।

नेपालमा अहिले प्रतिवर्ष १० हजारजना आइटी जनशक्ति उत्पादन भइरहेको र रु एक खर्बको सेवा निर्यात भइरहेको जानकारीसमेत उनले दिइन् ।

अर्थ मन्त्रालयका सहसचिव धनीराम शर्माले सूचना प्रविधि दशकको घोषणा महत्त्वाकाङ्क्षी लक्ष्य नभई आइटीमा भइरहेको प्रगतिले गर्दा योजना भएको बताए । सूचना प्रविधि क्षेत्रका विज्ञ र उद्यमीसँग छलफल गरेर ल्याएको योजना भएकाले यो लक्ष्य प्राप्त गर्न सहज हुने उनले स्पष्ट पारे ।

लोटस होल्डिङ्सका प्रमुख कार्यकारी अधिकृत अजित विक्रम शाहले यो लक्ष्य हासिल गर्न १० वर्ष पनि नलाग्ने आफ्नो आकलन रहेको बताए । यो क्षेत्रमा सहजता भएमा लगानी गर्न निजी क्षेत्र तयार रहेको उनले स्पष्ट पारे ।

नेपाल उद्योग वाणिज्य महासङ्घका लगानी तथा अन्तर्राष्ट्रिय मञ्चका अध्यक्ष मनोज पौडेलले अहिले सूचना प्रविधि क्षेत्रको आकार १६ दशमलव ८९ प्रतिशत वृद्धि भइरहेको उल्लेख गर्दै सरकारले लिएको लक्ष्य हासिल गर्न ३६ प्रतिशतका दरले वृद्धि आवश्यक रहेकोमा जोड दिए ।

किम्बु टेकका प्रमुख कार्यकारी अधिकृत कर्भिका थापाले सूचना प्रविधि दशकलाई सफल पार्न गाउँगाउँमा जनचेतना जागृत गर्नुपर्ने र प्रत्येक विद्यालयमा कम्प्युटर राख्ने मात्र नभई चलाउन प्रोत्साहन दिनु आवश्यक रहेको बताइन् ।

# नेपालमा उत्पादित कटहर सीमावर्ती भारतीय बजारमा लोकप्रिय

जनकपुरधाम, २९ जेठ ⁄ रासस

धनुषामा उत्पादित कटहर भारतीय बजारमा लोकप्रिय हुँदै गएको छ । विगतमा यातायातको सुविधा नभएका कारण नेपाली बजारमा मात्र बिक्री हुने कटहर अहिले भारतीय बजारमा बिक्री वितरण भइरहेको छ, जसबाट ग्रामीण क्षेत्रका युवाले आर्थिक लाभ लिन थालेका छन् । नेपाली कटहर स्वादिलो तथा पुष्टकर रहेकाले भारतीय बजारमा यसको माग बढ्दै गएको स्थानीयले बताएका छन् ।

सीमावर्ती बजार हरिनेका कटहर व्यवसायी श्यामशङ्कर कामतले नेपाली कटहरको भारतीय बजारमा माग बढिरहेको बताए । वैशाखदेखि भदौ महीनासम्म कटहरको राम्रो व्यवसाय हुने गरेकोले यस व्यवसायमा आफूजस्तै विभिन्न स्थानका करीब पाँच सय युवा संलग्न रहेको उनले बताए ।

धनुषा जिल्लामा ४२८ हेक्टर जमीनमा कटहरखेती हुने गरेको तथा यसपटक चार हजार ४६७ मेट्रिकटन कटहर फलेको कृषि ज्ञान केन्द्र, धनुषाका बागवानी विकास अधिकृत प्रदीप यादवले जानकारी दिए । यसको तरकारी, आचार तथा पाकेपछि फलका रूपमा समेत खाने गरिएको उनले बताए ।

धनुषामा प्रतिहेक्टर २० देखि २५ मेट्रिकटनसम्म कटहर उत्पादन हुने गरेको धनुषा जिल्लामा यस वर्ष राम्रो उत्पादन भएको ज्ञान केन्द्रले जनाएको छ । खासगरी धनुषाको उत्तरी क्षेत्र ढल्केबजार, महेन्द्रनगर, पोर्ताहा, धारापानी, लालगढ र बयलबासलगायतका ग्रामीण क्षेत्रमा कटहरको उत्पादन हुने गरेकोले त्यहीबाट कटहर किनेर भारतीय बजारमा बिक्री गरेको व्यापारी राहुल साहले बताए ।

बेरोजगार भई बसेका युवाले कटहर बेचेर राम्रो आम्दानी गर्न थालेपछि यस व्यवसायतर्फ अन्य युवा पनि आकर्षित भई आर्थिक लाभ लिँदै आइरहेका छन् । अहिले यहाँका युवा साइकलमा कटहर राखेर सीमावर्ती भारतीय बजार जयनगर, उमगावँ, बासोपटी, हरिने, हरलाखी, मधुवनी, मधवापुर र भिठ्ठामोड जस्ता बजारसम्म लगेर बिक्री वितरण गरी अत्यधिक मुनाफा गरिरहेका छन् । धनुषाका गाउँगाउँबाट कटहर किनेर बिक्री गर्न जाँदा भारतीय सुरक्षाकर्मीले भने अवरोध गरिरहेको कटहर कारोबारीहरूको गुनासो छ ।

कटहरको व्यावसायिकरूपमा बिक्री वितरण बढ्दै गएकाले कटहरखेतीका लागि प्रदेश तथा स्थानीय सरकारले पकेट क्षेत्र घोषणा गरी विशेष कार्यक्रम ल्याउनुपर्ने किसानहरूको माग छ ।

# जलविद्युत् समूह चम्किंदा नेप्से परिसूचक ३३.१५ अङ्कले बढ्यो

काठमाडौं, २९ जेठ ⁄ रासस

जलविद्युत् कम्पनीको शेयर कारोबार चम्किंदा नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचक ३३ दशमलव १५ अङ्कले बढेको छ । मङ्गलवार नेप्से परिसूचक एक दशमलव ५९ प्रतिशतले बढेर दुई हजार ११५ दशमलव २४ को बिन्दुमा कायम भएको हो ।

आज ३११ कम्पनीका एक करोड २६ लाख ६५ हजार ३२९ कित्ता शेयर ७४ हजार ८७७ पटक खरीद–बिक्री हुँदा रु पाँच अर्ब ५५ करोड ५३ लाख ६१ हजार ७३९ बराबरको कारोबार भएको छ । जलविद्युत् कम्पनीहरूको मात्र आज रु दुई अर्ब २८ करोड सात लाख ९० हजार ८४५ बराबरको ५९ लाख ७९ हजार ४४३ कित्ता शेयर किनबेच भएका छन् ।

आजको कारोबारमा जलविद्युत् समूहको उपसूचक दुई दशमलव ५८, व्यापार दुई दशमलव १२, निर्जीवन बीमा दुई दशमलव १९, जीवन बीमा दुई दशमलव ४० र वित्त समूह दुई दशमलव १६ प्रतिशतले बढेका छन् । बैंकिङ समूह एक दशमलव ७३, विकास बैंक एक दशमलव ४२, होटल तथा पर्यटन शून्य दशमलव ५९, लगानी एक दशमलव ०९ र उत्पादन तथा प्रशोधन शून्य दशमलव ४० प्रतिशतले बढेका छन् ।

त्यस्तै, म्युचुअल फन्ड शून्य दशमलव ५० र अन्य समूहको उपसूचक शून्य दशमलव ५३ प्रतिशतले बढेका छन् ।

वरुण हाइड्रोपावर कम्पनी लिमिटेड, ग्रीन भेन्चर लिमिटेड, कुथेली बुखारी स्मल हाइड्रोपावर लिमिटेड र भगवती हाइड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । सबैभन्दा धेरै गुमाउनेमा भने सामलिङ पावर कम्पनी लिमिटेडको शेयर मूल्य पाँच दशमलव ८१ र कुमारी इक्विटी फन्डको शेयर मूल्य चार दशमलव ९४ प्रतिशतले घटेका छन् ।

कारोबार रकम र कारोबार भएका शेयर सङ्ख्याका आधारमा आज सबैभन्दा धेरै एनआरएन इन्फ्रास्ट्रक्चर एन्ड डेभलपमेन्ट लिमिटेडको रु ३६ करोड ३० लाख ९२ हजार ९१० बराबरको पाँच लाख २५ हजार १८५ कित्ता शेयर किनबेच भएका छन् ।

# अब मध्यरातमा डोल र गाग्री बोकेर इनारतिर जानुपर्दैन

महोत्तरी, २९ जेठ ⁄ रासस

महोत्तरीको बर्दिवास–८ हात्तीलेटका बासिन्दाले खानेपानीको सङ्कट झेल्नु नपर्ने भएको छ । त्यहाँ खानेपानी सङ्कलन गर्न टङ्की निर्माण भइसकेको छ । साथै पानी वितरणका लागि पाइप ओछ्याउन थालिएपछि यहाँका बासिन्दामा खानेपानीको सङ्कट समाधान हुन लागेको हो । बस्तीमा सरकारको तराई–मधेस खानेपानी योजना अन्तर्गत रु एक करोड ५० लाखको अनुदान सहयोगमा 'ओभरहेड टङ्की' निर्माण भएको हो ।

"अब खानेपानी पाइने आशा जागेको छ"–हात्तीलेटको सतखोली खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाका अध्यक्ष हरि राना भन्छन्–"अब खानेपानीका लागि सङ्कट झेल्नुपर्दैन ।" योजनाको ओभरहेड, कार्यालय भवन, चौतर्फी पर्खाल र बोरिङ जडानलगायत काम सम्पन्न भएपछि अहिले धमाधम पाइप ओछ्याउने र धारा जडानको काम थालिएको अध्यक्ष राना बताउँछन् । पाइप ओछ्याउने र धारा जडानसहितका काममा संस्थाले मधेस सरकार र बर्दिवास नगरपालिकाको साथ पाएको छ ।

योजनाको पाँच सय घरमा धारा पुर्‍याउने लक्ष्य छ । यस अनुसार अघि बढेको काममा अब आउने असार दोस्रो साताभित्रै ३५० घरका धारामा पानी झर्ने संस्थाले जनाएको छ । योजना अन्तर्गत चार किलोमिटरभन्दा बढी पाइप ओछ्याइसकिएको रानाले जानकारी दिए । अहिले विद्युत् र धारा जडान गर्ने काम धमाधम भइरहेको छ । चालू आर्थिक वर्षको अन्त्यसम्म पाँच सय घरमै धारा जडान र पानी आपूर्ति गरिने लक्ष्यका साथ काम भइरहेको अध्यक्ष राना बताउँछन् ।

नगर क्षेत्रमा खानेपानीको सङ्कट झेल्नुपरेका बेला हात्तीलेटको काम, अन्य ठाउँका लागि सिकाइ हुने बर्दिवास नगरप्रमुख प्रह्लादकुमार क्षत्री बताउँछन् । "हामी (नगरपालिका) नगर क्षेत्रका घरघरमा धारा जडान गर्ने अभियानमा छौं–'एक घर, एक धारा' हाम्रो अभियानको नारा हो,"–नगरप्रमुख क्षत्री भन्छन्–"सबै नगरवासीले स्वच्छ खानेपानी सहजरूपमा पाउने व्यवस्थाका लागि हामी प्रतिबद्ध भएर काममा लागेका छौं ।"

जिल्लामा पानीका स्रोतका मुहान धमाधम सुक्दैछन् । यसरी जमीनमुनिको पानीको सतह गहिरिँदै जाँदा कैयन इनार र बोरिङ एकपछि अर्को सुक्दै जाँदा पछिल्लो दशकमा हात्तीलेटवासीले खानेपानी जुटाउन निकै सास्ती बेहोर्दै आएका छन् । अब ५० घनमिटर क्षमताको ओभरहेड टङ्की निर्माणले हात्तीलेटवासीमा पानीको सङ्कट टर्ने नयाँ आशा पलाएको बर्दिवास–८ का अध्यक्ष शमशेरसिंह लामा बताउँछन् ।

पानीका लागि ६०–७० फिट गहिरो इनारबाट पालो पर्खेर पानी तान्नुपरेको विद्यमान दुःख अन्त्य हुने जनाइएको छ । धनमाया बलम्पाकी भन्छिन्–"अब भने नयाँ धारा चलेपछि मध्यरातमै डोल, गाग्री बोकेर इनारतिर जानुपर्दैन ।" योजनाबाट यहाँका दुई हजारभन्दा बढी बासिन्दा लाभान्वित हुने सतखोली खानेपानी तथा सरसफाइ उपभोक्ता संस्था हात्तीलेटले जनाएको छ ।

# मध्य र पश्चिमी तराईमा तीन दिन अत्यधिक गर्मीको सम्भावना

काठमाडौं, २९ जेठ ⁄ रासस

मध्य तथा पश्चिमी तराईका भूभागमा अत्यधिक गर्मीको सम्भावना देखिएकाले आवश्यक तयारी गर्न तथा आवश्यक सतर्कता अपनाउन अनुरोध गरिएको छ ।

जल तथा मौसम विज्ञान विभाग अन्तर्गतको मौसम पूर्वानुमान महाशाखाले बुलेटिनमार्फत सुदूरपश्चिम र लुम्बिनी प्रदेशका तराई भूभागका केही स्थानमा विगत केही दिनदेखि अधिकतम तापक्रम ४० डिग्री सेल्सियस वा सोभन्दा बढी मापन गरिएको जनाएको छ ।

महाशाखाले मङ्गलवार तातो दिन र तातो लहरसम्बन्धी विशेष बुलेटिन प्रकाशित गरी ती भूभागमा यही जेठ २९ देखि ३१ गतेसम्म तीन दिन तातो हावा तथा तातो लहरको सम्भावना रहेकाले सोको असरबाट बच्न आवश्यक सतर्कता अपनाउन अनुरोध गरेको हो ।

तातो हावा तथा तातो लहरका कारण थकाइ लाग्ने, कमजोरी हुने, बढी तिर्खा लाग्ने, टाउको दुख्ने, खुट्टा बाउँडिने, चक्कर आउने, बेहोश हुने, मांसपेशीहरू दुख्ने, बान्ता आदि हुन सक्ने सम्भावित असरहरू देखिन्छन् । यसबाट बच्न बढी गर्मीको समयमा घरभित्र अर्थात् चीसो स्थानमा रहने, बाहिरी वातावरणमा बढी नजाने, हल्का लुगा लगाउने, सुती कपडा लगाउने, बाहिर निस्कँदा टाउको छोप्ने, टोपी लगाउने, नियमित पानी तथा झोल पदार्थ (जुस, सर्वत आदि) प्रशस्त मात्रामा पिउन महाशाखाले सुझाएको छ ।



**सुर्खेतको देउतीबज्यै मन्दिरः** कर्णाली प्रदेशको राजधानी सुर्खेतको वीरेन्द्रनगरमा अवस्थित प्रसिद्ध धार्मिक पर्यटकीयस्थल देउतीबज्यै मन्दिरमा मङ्गलवार बिहान पूजा आराधना गर्न आएका भक्तजनहरू । तस्विरः सुरेश आचार्य ⁄ रासस

# धेरै कोशिश भिडियो सार्वजनिक



प्रस, वीरगंज, २९ जेठ ⁄

गायक भूपेश तिम्सिनाको पछिल्लो गीत 'धेरै कोशिश' सार्वजनिक भएको छ । भूपेशकै शब्द, सङ्गीत र स्वर रहेको भिडियो सार्वजनिक भएको हो ।

निशान घिमिरेको निर्देशन रहेको गीतको भिडियोमा स्मारिका ढकाल र सुरेश कोहलीले अभिनय गरेका छन् । उत्तम हुमागाईंको छायाङ्कन रहेको भिडियोमा सञ्जय अधिकारीको सम्पादन छ । गीतको भिडियोमा आफूले माया गर्ने मान्छेप्रति समर्पण भाव व्यक्त गरिएको छ । गीतको अडियो र भिडियो दुवै राम्रो भएको दावी गरिएको छ ।

गीतको भिडियो भूपेशको आधिकारिक युटचुब च्यानलमार्फत सार्वजनिक गरिएको छ । लामो समयदेखि अमेरिका बसोबास गर्दै आएका तिम्सिनाले धेरै नेपाली गीत गाएका छन् भने केही हिन्दी गीतमा समेत स्वर दिएका छन् ।

# यता हेर्‍यो सिक्लेस, उता हेर्‍यो ताङतिङ

रामबहादुर थापा
गण्डकी, २९ जेठ/रासस

हिउँचुलीको काखमा झुरुप्प परेका बस्ती। वरिपरि हरिया वनपाखा र खर्क। सिरसिरे लेकाली हावा। उस्तै चराको चिरबिर। तलपट्टि सुसाइरहेको मादी खोला। यस्तो लाग्छ सिक्लेस र ताङतिङको भूगोल आफैंमा चित्रमय छ। हरेक ऋतुकालमा भिन्न विशेषतामा खुल्ने यी गुरुङ बाहुल्य गाउँ प्रकृति र संस्कृतिका सङ्गम हुन्। ग्रामीण पर्यटनका अनुपम धरोहर हुन्।




अन्नपूर्ण हिमालको फेदबाट बहने कास्कीको मादी खोलाले सिक्लेस र ताङतिङलाई दुईतिर छुट्याएको छ। मादी गाउँपालिका–१ मा सिक्लेस र २ मा ताङतिङ पर्छ। पर्यटकीय राजधानी पोखरादेखि नजीकको दूरीमा रहेका दुवै गाउँ घुमफिरका लागि चल्तीका गन्तव्य हुन्। शहरको कोलाहलबाट उम्केर केही घण्टामैं पुग्न सकिन्छ, सिक्लेस र ताङतिङ। जहाँ न्यानो र आत्मीय आतिथ्य प्राप्त हुन्छ।

मनोरम प्रकृतिसँगै गाउँले परिवेश, रहनसहन, रैथाने खाना र आतिथ्य संस्कारले त्यहाँ पुग्ने पर्यटकलाई सजिलै लोभ्याउँछ। एकै बान्कीका घर, ढुङ्गा र जस्ताका छाना। ढुङ्गाकै आँगन र बाटो। पुरानो वास्तु झल्काउने झ्यालढोका। ससाना गल्ली, गल्छेडा र तगारा ती गाउँका सौन्दर्य हुन्। व्यस्त दैनिकी छलेर त्यहाँ पुग्ने जो कोहीले तनाव भुल्छन्। प्रकृति र संस्कृतिमा नजर अड्याउँछन्, अनि मन शान्त पार्छन्।

पोखरादेखि ४१ किमी दूरीमा सिक्लेस र २७ किमी टाढा ताङतिङ गाउँ अवस्थित छ। सिक्लेसबाट ताङतिङ पूर्व र ताङतिङबाट सिक्लेस पश्चिमपट्टि पर्छ। बिहान र दिउँसोमा चिटिक्क देखिने यी गाउँलाई रातमा भने बिजुलीले झलमल्ल पारेको हुन्छ। अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप)मा पर्ने यी गाउँ पदयात्राका लागि बढी लोकप्रिय छन्।

सिक्लेसका पर्यटन व्यवसायी धन गुरुङले सिक्लेस–कपुचे–कोरी पदमार्ग सञ्चालनमा आएपछि पर्यटकको आउजाउ झनै बढ्न थालेको बताए। "बर्खा लागेपछि अन्यत्र 'अफसिजन' शुरू हुन्छ, कोरीमा भने यही बेला बढी पर्यटक बढ्छन्," उनले भने, "कोरी र आसपासका क्षेत्र अहिले भुइँफूलले ढाकिएको छ, मनसुन ट्रेकमा रमाउनेका लागि कोरी उपयुक्त हो।"

पदयात्री सिक्लेसबाट अन्नपूर्ण हिमालको काखमा रहेको कपुचे हिमताल हुँदै तीन हजार आठ सय मिटरको कोरी लेक पुग्ने गरेको गुरुङले बताए। सिक्लेसबाट तस हुँदै कोरी र कपुचे हिमताल हुँदै कोरी जाने दुईटा पदमार्ग छन्। कोरी ट्रेक तीन दिनमा घुम्न सकिन्छ। पर्यटकीय गतिविधि बढेपछि कोरीमा होटल खुलेका छन्। पर्यटकीय क्षेत्रको प्रवर्द्धन गर्ने सञ्चार सामग्री, युटचुबलगायतका सञ्चारमाध्यम त्यस क्षेत्रलाई उजागर गरिदिएपछि पर्यटकको थप आकर्षण बढेको पर्यटन व्यवसायी गुरुङले बताए।

मादी–१ का अध्यक्ष देवीजङ्ग गुरुङले दुई दशकअघि सिक्लेसमा पर्यटन व्यवसायको जग बसेको बताए। "पहिले सामुदायिक हिसाबले होमस्टे थिए, पर्यटकको सङ्ख्या पनि न्यून हुन्थ्यो," उनले भने, "पछिल्लो समय सिजनमा त गाउँ नै पर्यटकले भरिभराउ हुन्छ, यहाँ आन्तरिक पर्यटक नै बढी आउँछन्।" सिक्लेसमा महीनामा ५०/६० जनासम्म विदेशी पर्यटक आएको तथ्याङ्क अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप)सँग छ।

वडाध्यक्ष गुरुङका अनुसार सिक्लेस, कोरीलगायतका क्षेत्रमा दर्जनौं होमस्टे र होटल सञ्चालनमा छन्। होटल व्यवसायमा लगानी थपिने क्रम बढ्दो छ। सिक्लेस–ताराहिल–घलेखर्क नयाँ इको ट्रेक सञ्चालनका लागि पूर्वाधार तयारीको काम भइरहेको छ। सिक्लेस–खिलाङ–चिप्लीसम्म पनि पदमार्ग निर्माण भइरहेको वडाध्यक्ष गुरुङले जानकारी दिए। "पहिले गोठालाहरू लेक र खर्क जाँदा हिंड्ने गरेको बाटोलाई नै पदमार्गका रूपमा विकास गर्न लागेका छौं," वडाध्यक्ष गुरुङले भने, "पर्यटकीय पूर्वाधार निर्माणमा प्रदेश सरकार र गाउँपालिकाको सहयोग छ।"

सिक्लेसलाई नेपालको शान्ति प्रक्रियाको प्रस्थानबिन्दुका रूपमा समेत लिने गरिएको उनले सुनाए। विसं २०६३ असार २ गते तत्कालीन नेपाल कम्युनिस्ट पार्टी माओवादीका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड भूमिगत राजनीतिपछि पहिलोपटक सिक्लेसमा सार्वजनिक भएका थिए। त्यसको केही महीनापछि विस्तृत शान्ति सम्झौता भएको थियो। जनयुद्धको बैठानसँगै शान्ति प्रक्रियाको प्रस्थानबिन्दुका रूपमा लिइने सिक्लेसमा शान्ति स्मारक पनि बनेको छ।

सिक्लेस पुग्ने पर्यटक गुरुङ सङ्ग्रहालय, शान्ति स्मारक, सिक्लेस पार्क, हिमालको दृश्यावलोकन, गुरुङ जातिको मन्दिर, मौलिक संस्कृति, भेषभूषा, झाँकी, नाचगीत आदिमा रमाउँछन्। पदयात्रा रुचाउने पर्यटकले छोटो र लामो दूरीको पदयात्रा तय गर्छन्। पोखरादेखि दुई/अढाई घण्टाको मोटरयात्रामा सिक्लेस पुगिन्छ। पोखरा–सिक्लेस सडक स्तरोन्नति भइरहेकोले यातायात सेवा पनि सहज बनेको छ।

सिक्लेस र ताङतिङको पैदल दूरी तीन घण्टा जतिको छ। दुई हजार मिटर उचाइमा सिक्लेस र १७ सय मिटरमा ताङतिङ अवस्थित छन्। दुवै गाउँका घरका बनोट र बान्की उस्तैउस्तै छन्। सिक्लेसमा चार सयभन्दा बढी छन् भने ताङतिङमा त्यसको झन्डै आधा। दुवै गाउँमा ९५ प्रतिशत गुरुङको बसोबास छ। ताङतिङ सामुदायिक घरबास सञ्चालक समितिका अध्यक्ष तिलशोभा गुरुङले गाउँमा १५ होमस्टे र छवटा होटल सञ्चालनमा रहेको जानकारी दिए। होमस्टेमा आन्तरिक पर्यटकका लागि रु एक हजार दुई सयको दैनिक प्याकेज छ। जसमा एक छाक खानामासु, एक छाक सादा खाना, बिहान/बेलुकाको खाजा र एक रात सुत्न पाइन्छ।

"खानामा घरगाउँको आटोढिंडो, गुन्द्रुक, मकै, भट्ट, आलु, लोकल कुखुराको मासु हुन्छ, अहिले निउरोको सिजन छ, हाम्रो भान्सामा निउरो टुट्दैन," होमस्टेका अध्यक्ष गुरुङले भने, "सिजन अनुसार गाउँमैं उत्पादनका परिकार पाहुनालाई खुवाउँछौं, पाहुनाको रुचि अनुसार अरू परिकार पनि पकाउँछौं।" पेय पदार्थमा पनि घरेलु उत्पादनलाई नै पाहुनाले बढी रुचाउने गरेका छन्। पर्यटकको मनोरञ्जनका लागि सती घाटुलगायत मौलिक नाच र गीतसङ्गीत प्रस्तुत गर्ने गरिएको उनको भनाइ छ।

मादी–२ का अध्यक्ष भोजबहादुर गुरुङले कर्पुडाँडा, कालीलेख, दूधपोखरी, कपुचे, कोरीलगायत त्यहाँका पर्यटकीय महत्त्वका बोकेका ठाउँ हुन्। गुरुङ जातिको उद्‌गमस्थल मानिने क्होलासोंथार पनि सोही वडाको साँधमा पर्छ। ताङतिङबाट धेरैतिर पदयात्रा गर्न सकिने उनले बताए।

"कास्की, लमजुङ र मनाङको सीमामा पर्ने दूधपोखरी यहाँको महत्त्वपूर्ण गन्तव्यस्थल हो, जनैपूर्णिमा त्यहाँ ठूलो मेला लाग्छ," वडाध्यक्ष भोजबहादुरले भने, "ताङतिङ भएर कपुचे, कोरीलगायत ठाउँको पदयात्रा पनि गर्न सकिन्छ।"

ताङतिङको पर्यटनलाई उकास्न योजनाबद्ध विकासको खाका कोर्ने काम भइरहेको उनले बताए। "मादी गाउँपालिकामा पर्ने सबै पर्यटकीय गन्तव्यस्थललाई समेटेर बृहत् पर्यटन गुरुयोजना बनाउन आवश्यक छ," उनले भने, "पर्यटकीय पूर्वाधार र प्रवर्द्धनमा ध्यान दिन सकियो भने यस क्षेत्रले पर्यटन व्यवसायबाट ठूलो लाभ उठाउन सक्छ।"

पुस्तौंदेखि कृषि र पशुपालनमा रमाएका ताङतिङवासीको पेशामा अहिले पर्यटन व्यवसाय पनि जोडिएको छ। ताङतिङबाट लमजुङको भुजुङ, घलेगाउँदेखि मनाङसम्म पदयात्रा गर्न सकिने वडाध्यक्ष भोजबहादुरले बताए।

हिउँदमा दन्तेलहरझैं देखिने हिमशृङ्खला र वर्षात्मा झरी र बादलको लुकामारीले सिक्लेस र ताङतिङको सौन्दर्य उसैगरी खुल्छ। अन्नपूर्ण दोस्रो र लमजुङ हिमालले यी गाउँको शोभा बढाएका छन्। लेक र खर्कतिर रहेका ससाना तलाउ, कुण्ड र झरनाले पनि पर्यटकलाई तान्ने गरेका छन्। निगालोबाट बन्ने डोको, सेखु, मान्द्रा, चित्रा जस्ता घरेलु उत्पादनका सामग्री त्यहाँ बन्छन्। महिलाहरूले पिंढीमा तान लगाएर अल्लो र ढाकाका कपडा बुनेको दृश्य लोभलाग्दो देखिन्छ।

विशेषगरी चाडबाडको याम र सार्वजनिक बिदाका दिनमा ती गाउँमा पर्यटकको चहलपहल अघिपछिको दाँजोमा बढी हुन्छ। जागीरे, व्यवसायीलगायत सप्ताहन्त मनाउन त्यहाँ पुग्छन्। विद्यालय र विभिन्न सङ्घसंस्थाले अवलोकन भ्रमणका लागि पनि सिक्लेस र ताङतिङ लैजाने गरेका छन्। "गाउँले जनजीवन, संस्कृति, रहनसहन र पदयात्राको आनन्द बटुल्न पर्यटक यहाँ आउँछन्," वडाध्यक्ष गुरुङले भने।



**मुग थार्प मस्टाको थानः** सुदूरपश्चिम र कर्णालीवासीको आस्थाको केन्द्र थार्प मस्टाको थान। छायानाथ रारा नगरपालिका–१३ थार्प गाउँमा अवस्थित यो थान १२ भाइ मस्टामध्येको प्रमुख, प्रसिद्ध र तपस्वी मानिन्छ। मस्टोसँग भाकल गरे मनोकाङ्क्षा पूरा हुने भन्दै देशभर र छिमेकी भारतबाट समेत मस्टो पूजकहरू थार्प मस्टोको दर्शन तथा पूजा गर्न आउने गर्छन्। तस्बिरः नृपेन्द्रबहादुर मल्ल/रासस

## फरक समाचार

# अल्सर भएपछि के खाने ?

अल्सर एक प्रकारको घाउ हो, जुन शरीरको कुनै पनि भागमा हुन सक्छ। तर यीमध्ये पेटमा हुने अल्सर सामान्य हो। यसलाई पेप्टिक अल्सर पनि भनिन्छ।

पेप्टिक अल्सर खाना नली, आन्द्रा वा पेटको भित्तामा हुन सक्छ। अल्सर



भएपछि पेटको माथिल्लो भागमा कडा दुखाइ, अपच र जलन महसूस हुन्छ। यद्यपि अल्सर सामान्यतया गम्भीर हुँदैन तर त्यसको उपचार नगरिएमा क्यान्सरमा परिणत हुने जोखिम हुन्छ।

पेटको अल्सर छिट्टै निको पार्ने उपायमध्ये घ्यूकुमारी निकै प्रभावकारी हुन्छ। एनसिबिआईमा प्रकाशित एउटा अध्ययन अनुसार एलोभेरामा एन्टी–इन्फ्लेमेटरी गुण हुन्छ, जुन अल्सरको लक्षण कम गर्न प्रभावकारी हुन्छ। पेटमा अल्सर भएको अवस्थामा घ्यूकुमारीको जुस थोरै मात्रामा सेवन गर्नु निकै फाइदाजनक हुन्छ।

**प्रोबायोटिकः** प्रोबायोटिक पेटका लागि निकै फाइदाजनक हुन्छ। यसको सेवनले पेटमा राम्रो ब्याक्टेरिया बढ्छ र खराब ब्याक्टेरिया घट्छ, जसका कारण पेटको अल्सर छिट्टै निको हुन्छ। यस्तो अवस्थामा अल्सरमा दही र किण्वित खानेकुरा खानुपर्छ।

**बेसार** : बेसारमा करक्युमिन हुन्छ, जसबाट थुप्रै स्वास्थ्य लाभ पाइन्छ। यसमा पाइने एन्टी–इन्फ्लेमेटरी र एन्टिअक्सिडेन्ट गुणले अल्सरको घाउ छिटो निको पार्न मदत गर्छ।

**मुलेठी** : मुलेठी औषधीय जडीबुटी हो। यसमा एन्टी–ब्याक्टेरियल गुण पाइन्छ, जसका कारण अल्सरको उपचारमा निकै फाइदाजनक मानिन्छ।

**लसुन** : लसुन भान्सामा प्रयोग हुने मसला हो। यसमा पाइने एन्टी माइक्रोबियल र एन्टी ब्याक्टेरियल गुणका कारण प्राचीनकालदेखि नै रोगको उपचारमा यसको प्रयोग हुँदै आएको छ। यसको सेवन अल्सरमा निकै फाइदाजनक मानिन्छ।

# धूलो उडेको देखेपछि नाक–मुख ढाक्नुस्

गर्मी मौसममा धूलो उड्नु सामान्य कुरा हो। यस अवधिमा दिन लामो हुने भएकोले भवन निर्माणको काम पनि धमाधम भइरहेको हुन्छ, यस्तो अवस्थामा धूलो प्रदूषण पनि बढ्छ र श्वासप्रश्वासमा समस्या हुन थाल्छ। धूलोका कणहरूले हाम्रो स्वास्थ्यमा अन्य धेरै तरीकाले नकारात्मक असर पार्छ।



**दम** : दम एउटा श्वासप्रश्वासको रोग हो, जुन धूलो कणको सम्पर्कमा आउनुको कारणले झन बढ्छ। धूलोमा हुने माइट्स, परागकण र अन्य एलर्जीहरूले दमको आक्रमण गराउन सक्छ। यसका लक्षणहरूमा सास फेर्न गाह्रो हुने, खोकी लाग्ने र छातीमा जकडन हुन्छ। धूलोबाट बच्न मास्क लगाउन नबिर्सनुहोला।

**एलर्जिक राइनाइटिस** : एलर्जिक राइनाइटिस एउटा रोग हो, जसलाई हे फिभर पनि भनिन्छ। यो धूल–कण, पराग र अन्य एलर्जीहरूको कारणले हुन्छ। यसका लक्षणहरूमा नाक बग्ने, हाछ्यूँ आउने, नाक बन्द हुने र आँखा चिलाउँछ। धूलोबाट बच्न एयर प्युरिफायर प्रयोग गर्नुपर्छ र घरको आर्द्रतालाई नियन्त्रणमा राख्नुपर्छ।

**क्रोनिक अब्सट्रक्टिभ पल्मोनरी डिजिज** : सिओपिडी एउटा लामो समयसम्म धूलो र धूवाँको कारणले हुने श्वासप्रश्वाससम्बन्धी गम्भीर रोग हो। यो फोक्सोको रोग हो, जसमा सास फेर्न गाह्रो हुन्छ। यसका लक्षणहरूमा लगातार खोकी लाग्नु, कफ बन्नु र सास फेर्न गाह्रो हुन्छ।

**सिलिकोसिस** : सिलिकोसिस एउटा पेशेवर रोग हो, जुन धूलोमा सिलिका कणहरूको निरन्तर सम्पर्कको कारण हुन्छ। यसले फोक्सो सुन्निने र तन्तुको क्षति निम्त्याउँछ। यसका लक्षणहरूमा खोकी लाग्ने, सास फेर्न गाह्रो हुन्छ र थकाइ लाग्छ। खानी, निर्माणस्थल र सिलिका कारखानामा काम गर्ने मानिसहरूमा यस रोगको ठूलो जोखिम हुन्छ।

**डर्मेटाइटिस** : डर्मेटाइटिस एउटा छालासम्बन्धी रोग हो, जुन धूलो र यसमा पाइने रासायनिक पदार्थको सम्पर्कबाट हुने गर्दछ। यसले छालामा जलन, चिलाउने र रातो दाग निम्त्याउँछ। यसबाट बच्न धूलोमुक्त वातावरण कायम राख्नु र छालाको नियमित सरसफाइ गर्नुपर्छ। यसका साथै धूलोको सम्पर्कमा आएपछि छालालाई राम्ररी धुनुपर्छ।

– प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

## अन्तर्राष्ट्रिय समाचार

# बेलायतमा बेरोजगारी दर वृद्धि : आधिकारिक तथ्याङ्क


तस्वीरः एजेन्सी

लन्डन (बेलायत), २९ जेठ/एएफपी

मङ्गलवार प्रकाशित आधिकारिक तथ्याङ्क अनुसार बेलायती बेरोजगारी अझै बढेको पुष्टि भएको छ।

बेलायतको बेरोजगारी दर अप्रिलको अन्त्यसम्म तीन महीनामा बढेर ४.४ प्रतिशत पुगेको छ, जुन मार्चको अन्त्यसम्मका तीन महीनामा ४.३ प्रतिशत रहेको राष्ट्रिय तथ्याङ्क कार्यालय (ओएनएस)ले जनाएको छ।

चालू महीनाको तथ्याङ्कले श्रम बजार विचलित हुन सक्ने सङ्केतहरू देखाउँदै छ, रिक्त पदहरूको सङ्ख्या अझै घट्दै र बेरोजगारी बढ्दै छ, यद्यपि आय वृद्धि भने अपेक्षाकृत बलियो रहेको ओएनएसले जनाएको छ।

विश्लेषकहरूले छ प्रतिशतमा आयोजित बोनसबाहेक औसत नियमित तलब वृद्धि, बैंक अफ इङ्ल्यान्डको लागि वर्णन गरे।

अप्रिलमा ज्याला वृद्धिको लागि लामो समयसम्म चिन्ताको विषय हुने अनुसन्धान परामर्श पूँजी अर्थशास्त्रका उपप्रमुख बेलायती अर्थशास्त्री रूथ ग्रेगरीले उल्लेख गरे।

तर रोजगारमा तीव्र गिरावट र बेरोजगारी दर बढ्दै जाँदा, तलब वृद्धि पनि चाँडै नै दृढ गिरावटको बाटोमा फर्कने उनीहरूले जनाएका छन्।

गत महीना मुख्य ब्याजदर १६ वर्षको उच्च ५.५२ प्रतिशतमा राखेको थियो तर बेलायतको मुद्रास्फीति निराशाजनक भएपछि गर्मीमा कटौती हुने सङ्केत गरेको छ।

केन्द्रीय बैंकले अर्को हप्ता जून २० मा आफ्नो पछिल्लो ब्याजदरको निर्णय घोषणा गर्नेछ, जसको अघिल्लो दिन मेको मुद्रास्फीति तथ्याङ्क उल्लेख हुनेछ। रासस


**बिक्रीका लागि राखिएका आँपः** आँपको राजधानीका रूपमा रहेको सिराहाको लहान नगरपालिका–१ स्थित स्थानीय किसानले बिक्रीका लागि राखेका आँप। फलफूलको राजा मानिने आँप यस क्षेत्रबाट काठमाडौं, पोखरा, वीरगंज, विराटनगरलगायतका शहर तथा भारतीय बजारमा समेत जाने गरेको छ। तस्बिर : सुदीप राउत/रासस

# गाजाका लागि बन्धक प्रस्ताव र मानवीय सहायताबारे छलफल

इजरायल, २९ जेठ/एएनआई

मध्यपूर्वको भ्रमणमा रहेका अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिन्केनले सोमवार इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहुसँगको बैठकमा बन्धक प्रस्ताव र गाजामा मानवीय सहायता वितरणको बारेमा छलफल गरेका छन्।

विदेशमन्त्री एन्टोनी ब्लिन्केनले जेरुसेलममा इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहुसँग भेट गरे। उनले गाजामा तत्काल युद्धविराम, सबै बन्धकको रिहाइ, र गाजाभरि मानवीय सहायता वितरणमा उल्लेखनीय र दिगो वृद्धि गर्ने राष्ट्रपति बाइडेनले उल्लेख गरेको व्यापक प्रस्तावको संयुक्त राज्य अमेरिका र अन्य विश्वका नेताले समर्थन गर्ने बताए।

ब्लिन्केनले जून १० देखि १२ सम्म इजिप्ट, इजरायल, जोर्डन र कतार भ्रमण गर्ने बताए।

विदेश मन्त्रालयका अनुसार विदेशमन्त्री ब्लिङ्केनले इजरायलको सुरक्षाका लागि संयुक्त राज्य अमेरिकाको दृढ प्रतिबद्धतालाई जोड दिए। उनले टेबुलमा रहेको प्रस्तावले इजरायलको उत्तरी सीमामा शान्तिको सम्भावना खुला गर्ने कुरा दोहोऱ्याए।

विदेशमन्त्रीले इजरायली र प्यालेस्टिनीलाई दीर्घकालीन शान्ति, सुरक्षा र स्थिरता प्रदान गर्ने प्रयासको महत्त्वलाई जोड दिंदै द्वन्द्वपछिको अवधिका लागि योजना बनाउन जारी कूटनीतिक प्रयासको बारेमा प्रधानमन्त्री नेतान्याहुलाई सुझाव दिए।

गत हप्ता ब्लिन्केनले इजरायली रक्षामन्त्री योव ग्यालान्ट र इजरायली मन्त्री बेनी गान्ट्जसँग गाजामा पूर्ण युद्धविराम हासिल गर्ने इजरायलको प्रस्तावको बारेमा कुरा गरेका थिए।

"यो प्रस्तावले बन्धकलाई उनीहरूको परिवारसँग पुनर्मिलन गराउनुका साथै यो प्रस्तावले इजरायलको दीर्घकालीन सुरक्षा चासोलाई अगाडि बढाउनेछ," अमेरिकी मन्त्रीले बताए।

बन्धकको रिहाइको सम्बन्धमा इजरायल र हमासबीचको प्रत्यक्ष वार्ता केही शर्तमा असहमतिको कारण केही समयअघि रोकिएको थियो।

हाल संयुक्त राष्ट्र सुरक्षा परिषद्ले सोमवार गाजामा बन्धकको रिहाइ र स्थायी युद्धविरामको लागि अमेरिकी प्रस्ताव गरेको हो।

अमेरिकाले तयार पारेको उक्त प्रस्तावले हमासलाई राष्ट्रपति जो बाइडेनले मे ३१ मा घोषणा गरेको युद्धविराम प्रस्ताव स्वीकार गर्न आह्वान गरेको छ, जसलाई इजरायलले पहिले नै स्वीकार गरिसकेको छ।

अन्य देशले आफ्नो भिटो शक्ति प्रयोग नगर्ने निर्णय गरेपछि प्रस्तावको पक्षमा १४ मत, यसको विरुद्ध शून्य र रूसद्वारा एक अनुपस्थितिका साथ प्रस्ताव पारित भएको थियो।

स्वीकृत गरिएको प्रस्तावको उद्देश्य तीन चरणमा व्यापक युद्धविराम सम्झौतामा पुग्नुरहेको छ। रासस

# प्रभु बैंक र सीता होटलबीच सम्झौता

प्रस, सर्लाही, २९ जेठ/

प्रभु बैंक लिमिटेड र सीता प्यालेस होटेल तथा सीता प्यालेस होलिडे इन प्रालिबीच ग्राहक तथा कर्मचारीलाई विशेष छुट दिनेसम्बन्धी सम्झौता भएको छ। प्रभु बैंकको डिजिटल भुक्तानी सेवा लिने ग्राहक तथा कर्मचारीलाई लक्षित गरी सीता प्यालेस होटेल, हरिवन तथा होलिडे इन होटेल नयाँ रोडमा प्रभु बैंकको कार्ड तथा मोबाइल बैंकिङ सेवामार्फत भुक्तानी गर्दा छुट पाउने सम्झौता भएको हो।

सम्झौतापत्र अनुसार प्रभु बैंकका ग्राहकले खाना तथा खाजामा १० प्रतिशत र कोठा भाडामा १५ प्रतिशतसम्म छुट प्राप्त गर्नेछन्। सम्झौतापत्रमा प्रभु बैंक नयाँ रोड शाखाका प्रबन्धक सुबोधकुमार पुडासैनी र सीता प्यालेस होलिडे इनका प्रबन्ध निर्देशक विनोद मैनालीले हस्ताक्षर गरेका थिए।


तस्वीरः प्रतीक

# उद्धार अभियानमा भएको नागरिक हताहतमा राष्ट्रसङ्घको निन्दा

राष्ट्रसङ्घ, २९ जेठ/सिन्हवा

संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले साताव्यापी इजरायली बन्धक उद्धार अभियानमा ठूलो सङ्ख्यामा नागरिक हताहत भएकोमा निन्दा गरेको उनका प्रवक्ताले बताएका छन्।

महासचिव एन्टोनियो गुटेरेसले घटनाप्रति चरम दुःख व्यक्त गर्दै अपरेशनको सन्दर्भमा सयौं प्यालेस्टिनी नागरिकको मृत्यु हुनुका साथै सयौं घाइते भएकोमा निन्दा गरेको प्रवक्ता स्टेफन डुजारिकले स्पष्ट पारेका छन्।

मानवीय जीवनमा हानि एउटा त्रासदी भएको जनाउँदै सबै पक्षलाई द्वन्द्वको प्रभाव भोगिरहेका नागरिक सुरक्षालाई प्राथमिकता दिन आग्रह गरेको छ। अन्तर्राष्ट्रिय कानून अन्तर्गत सबैले आआफ्नो दायित्व पालना गर्ने डुजारिकले दैनिक प्रेस ब्रिफिङमा उल्लेख गरे।

संयुक्त राष्ट्रसङ्घका मानवीय अभियानका लागि पुनः सक्षमताको आवश्यकता औंलाउँदै उनले विश्व निकायले तत्काल युद्धविराम, मानवीय कार्यमा पूर्ण निर्बाध पहुँच र बन्धकको रिहाइको लागि आह्वान गरिरहेको बताए।

इजरायली सेनाले शनिवार मध्य गाजाको नुसिरात शरणार्थी शिविरबाट चारजना बन्धकलाई उद्धार गरेको छ। हमासद्वारा सञ्चालित स्वास्थ्य अधिकारीका अनुसार उक्त कारबाईमा २७४ जना प्यालेस्टिनीको मृत्यु हुनुका साथै ५९८ जना घाइते भएका छन्।

संयुक्त राष्ट्रसङ्घले चारजना बन्धक मुक्त भई प्रियजनसँग पुनर्मिलन भएको खबरलाई स्वागत गर्छ। गुटेरेसले सबै बाँकी बन्धकको तत्काल र विनाशर्त रिहाइको लागि आह्वान गरिरहेको डुजारिकले बताए। रासस

# ग्रीन सिटीको आयोजनामा निश्शुल्क घुम्ती शिविर

प्रस, वीरगंज, २९ जेठ/

ग्रीन सिटी सामुदायिक सेवा केन्द्रले मङ्गलवार आयोजना गरेको घुम्ती शिविरमा २७५ जनाले स्वास्थ्य परीक्षण गराएका छन्।

वीरगंज सामुदायिक आँखा अस्पताल र रूँगटा वेलफेयर सोसाइटीको सहयोगमा आयोजना गरिएको शिविरमा आँखा रगत, उच्च रक्तचापलगायत चेकजाँच गरिएको थियो।

केन्द्रका अध्यक्ष जयप्रकाश खेतानको अध्यक्षतामा भएको कार्यक्रममा जिल्ला प्रहरी कार्यालय, पर्साका प्रहरी नायब उपरीक्षक दीपक भारती, प्रहरी निरीक्षक भास्कर खतिवडा, दिलीप कार्की, कैलाश बजाज, सुशील कादमिया, ज्योति रूँगटालगायतको सहभागिता थियो।



तस्वीरः सौजन्य

## दुर्घटनामा युवक सिकिस्त

प्रस, वीरगंज, २९ जेठ/

मोटरसाइकल दुर्घटनामा परेर पटेर्वासुगौलीमा एकजना युवक सिकिस्त घाइते भएका छन्।

बा.१०प ६९८९ ना.५१प १२४५ नम्बरका मोटरसाइकल एकापसमा ठोक्किएर दुर्घटना भएको थियो। दुर्घटनामा बा.१०प ६९८९ नम्बरको मोटरसाइकल चालक २२ वर्षीय दीपु गौरो सिकिस्त घाइते भएको प्रहरीले जनाएको छ। घाइते गौरोलाई वीरगंजमा उपचार सम्भव नभएपछि भरतपुर रेफर गरिएको इप्रका, पटेर्वासुगौलीले जानकारी गराएको छ। ना.५१प १२४५ नम्बरको मोटरसाइकलका चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ।

## सकेट ...

केही महीनाअगाडि ती कर्मचारीहरूलाई काम भएमा पुनः बोलाउने शर्तमा निष्कासन गरेको थियो। तर अहिले आएर कम्पनीले पुराना कामदारलाई नराखी नयाँ कामदारलाई ठेक्कामार्फत राख्न थालेपछि मजदूरहरू आन्दोलित भएका हुन्।

लामो समयदेखि काम गर्दै आएका मजदूरहरूको जागीर खोसिएपछि पीडामा रहेको अनिल पटेलले जानकारी गराए।

## तुलाधरले ...

प्रतिष्ठानका सदस्यसचिव देवेन्द्रकुमार काफ्ले थुम्केली भन्छन्, "लोककला आफ्नो तरीकाले बनाउन सकिने भएपनि परम्परागत कलामा जे गर भनिएको छ, त्यही गर्नुपर्छ टाउको अर्कोपट्टि फर्किएको छ भने त्यस्तै फर्काइएको हुनुपर्छ। अन्य कलामा बरु फरकरूपमा प्रस्तुत गर्न सकिएला, परम्परागत कलामा त्यो छुट कलाकारलाई हुन्न, तुलाधरको सिर्जनामा पनि त्यही नियम लागू छ।" यसअघि प्रतिष्ठानबाट राष्ट्रिय ललितकला पुरस्कार र विशेष ललितकला पुरस्कार प्राप्त गरेका तुलाधरले यसपालिबाटै स्थापना भएको सर्वोच्चकृष्ट पुरस्कार प्राप्त गरे।

उनको २० वर्षको अनुभवले यो कला तयार भएको बताए। "मध्यमवर्गीय र तल्लोवर्गीय कलाकारलाई सिर्जना गरेरै दैनिकी धान्न गाऱ्है छ। माथिल्लो तह जसले कामको गुणस्तर दिन सक्छ भने उसको राम्रो छ," उनले भने।

उनले यसको मूल्य नतोके पनि रु १० लाखभन्दा बढी पर्ने बताए। उनले यो कला विदेश पठाउने तयारी गरेका छन्। तुलाधरलाई यसरी परम्परागत काष्ठमूर्तिकला कतिले गर्छन् भनेर खासै थाहा छैन। आफ्नो कुरा गर्दा उनी बुबाबाटै सीप सिकेको भएपनि स्वर्गीय लक्ष्मण महर्जनको कामको रस समाएको बताउँछन्। उनी भन्छन्, "मैले लक्ष्मण महर्जनकै रस लिएको हो, उहाँ जत्तिको काष्ठकलामा कोही छैन जस्तो लाग्छ।

### आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | ज्ञानोदय | वृष | उदरपीडा |
| मिथुन | राज्यलाभ | कर्कट | धनलाभ |
| सिंह | भाग्योदय | कन्या | अलमल |
| तुला | मनोरञ्जन | वृश्चिक | सफलता |
| धनु | प्रगति | मकर | यात्रालाभ |
| कुम्भ | कडाश्रम | मीन | कडाश्रम |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ।
बिल, बूक, खाता
क्यालेन्डर, ब्रोसर, पोस्टर
विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी
भिजिटिङ कार्ड
फ्लेक्स, ब्यानर
प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com



सर्लाही जिल्लाको कविलासी नगरपालिका र चन्द्रनगर गाउँपालिका जोड्ने गौर बजारभन्दा एक किलोमिटर पूर्वमा पर्ने झीम नदी पुल जोडिएको सडक भासिएको छ। सडक भासिएपछि पुललाई समेत जोखिम हुने देखिन्छ। दैनिक बस, ट्रक, टिपर, मोटरसाइकलसहित सयौं गाडी गुड्ने यस सडकमा दुर्घटनाको जोखिम बढेको छ। वर्षायाममा सडक अवरोध हुन सक्ने भएकोले तत्काल सडक मर्मत गरी पुलको संरक्षण गर्नुपर्ने स्थानीय धर्मेन्द्र साहको सुझाव छ। तस्वीरः नितेश कर्ण/प्रतीक

## दुर्घटनामा एकजना गम्भीर घाइते

प्रस, ठोरी, २९ जेठ/

ठोरी गाउँपालिका–५ सानो बाघमोर्चाको हुलाकी सडकमा मङ्गलवार मोटरसाइकल र अटो जुध्दा एकजना गम्भीर घाइते भएका छन्।

वीरगंजबाट ठोरी जाँदै गरेको ना.५९प ६३९२ नम्बरको मोटरसाइकल र विपरीत दिशाबाट आउँदै गरेको मधेस प्रदेश ०३–००२स७६४ नम्बरको मालवाहक अटो एकापसमा ठोक्किंदा ठोरी–२ सुन्दरबस्तीका २५ वर्षीय रोशन खवास घाइते भएको प्रहरी चौकी विजयबस्तीका प्रहरी सहायक निरीक्षक धर्म उप्रेतीले बताए।

खवासको हात, खुट्टा र टाउकोमा गम्भीर चोट लागेकोले अवस्था गम्भीर रहेको प्रसनि उप्रेतीले बताए। तीव्र गतिमा आइरहेको मोटरसाइकल अनियन्त्रित भई अटोमा ठोक्किंदा दुर्घटना भएको स्थानीयले बताए। घाइते खवासको वीरगंजमा उपचार भइरहेको छ।


### गर्मीयाममा लाग्न सक्ने रोगबाट बचौं र बचाऔं

- पर्याप्त मात्रामा पानी वा झोलिलो पदार्थ पिउने गरौं,
- मौसम अनुसारका तरकारी एवं फलफूल उपभोग गरौं,
- सडेगलेको, बासी, जथाभावी राखिएका खानेकुरा नखाऔं,
- खुला स्थानमा राखिएका चटपटे, पानीपुरी, मःम, चाउमिनजस्ता खानेकुरा नखाऔं,
- धेरै अमिलो, चिल्लो र मसालेदार खाना नखाऔं,
- घरबाहिर हिंड्दा शरीर ढाक्ने गरी लुगा लगाऔं,
- घर, आँगन वा बसोबास गर्ने आसपासका क्षेत्रमा पानी जम्ने, खाल्डाखुल्डी, फोहोरको थुप्रो, कुहिएका वस्तुहरू भएमा हटाइ सफा राखौं,
- व्यक्तिगत सरसफाइमा ध्यान दिऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड







## सर्पदंशबाट एकजनाको मृत्यु

प्रस, वीरगंज, २९ जेठ/



जीराभवानी गाउँपालिका–१ भवानीपुरमा एकजना व्यक्तिको सर्पदंशको कारण मृत्यु भएको छ।

३३ वर्षीय महेशभैया थारूलाई सोमवार साँझ विषालु सर्पले टोकेपछि उनको नारायणी अस्पताल वीरगंजमा उपचारको क्रममा राति ९ बजे मृत्यु भएको पिता रूपन थारूले बताए। खेतमा काम गरिरहेका महेशलाई सर्पले टोकेको पिता रूपन थारूले बताए।

# खेलकूदको संसार

## आइसिसी टी–२० : दक्षिण अफ्रिकाले बङ्गलादेशलाई हरायो

काठमाडौं, २९ जेठ/रासस

अमेरिका र वेस्ट इन्डिजमा जारी आइसिसी टी–२० विश्वकप क्रिकेटमा दक्षिण अफ्रिकाले बङ्गलादेशलाई हराउँदै प्रतियोगितामा तेस्रो जीत दर्ता गराएको छ। अमेरिकाको न्यूयोर्कमा गएराति सम्पन्न खेलमा दक्षिण अफ्रिकाले बङ्गलादेशमाथि चार रनको जीत हासिल गरेको छ। दक्षिण अफ्रिकाले दिएको ११४ रनको सामान्य लक्ष्य पछ्याएको बङ्गलादेश निर्धारित २० ओभरमा सात विकेट गुमाउँदै १०९ रनमा समेटियो।




बङ्गलादेशका जाकिर अलि ब्याटिङ गर्दै। तस्वीरः एपी

बङ्गलादेशका लागि तौहिद हृदोयले सर्वाधिक ३७ रन बनाए। उनले ३४ बलमा दुई चौका र दुई छक्काको सहयोगमा ३७ रन बनाएका थिए। त्यस्तै, महमुदउल्लाहले २७ बलमा दुई चौका प्रहार गरी २० रन जोडे। कप्तान नजमुल हुसेन शान्तोले २३ बलमा एक छक्का प्रहार गरी १४ रन बनाउनुबाहेक अन्य खेलाडीले दोहोरो अङ्कमा रन बनाउन सकेनन्। बलिङतर्फ दक्षिण अफ्रिकाका केशव महाराजले तीन विकेट लिए भने कागिसो रबाडा र एनरिक नोट्र्जेले समान दुई/दुई विकेट लिए।

त्यस अघि टस जितेर पहिले ब्याटिङ गरेको दक्षिण अफ्रिकाले निर्धारित २० ओभरमा छ विकेटको क्षतिमा ११३ रनको योगफल बनाएको थियो। दक्षिण अफ्रिकाका लागि हेनरिक क्लासेनले ४४ बलमा दुई चौका र तीन छक्का प्रहार गर्दै सर्वाधिक ४६ रन जोडे। त्यसैगरी, डेविड मिलरले ३८ बलमा २९ रन बनाए। ओपनर क्विन्टन डिककले ११ बलमा १८ रन जोडे। बङ्गलादेशका लागि तनजीम सकिबले तीन विकेट लिए भने तस्किन अहमदले दुई विकेट झारे। त्यस्तै, रिशाद हुसेनले एक विकेट लिए।

यस जीतसँगै समूह 'डी'मा रहेको दक्षिण अफ्रिकाले तीन खेलमा छ अङ्क बटुलेको छ। पराजित बङ्गलादेशको दुई खेलमा दुई अङ्क नै छ। सोही समूहमा रहेको नेदरल्यान्ड्सको पनि समान दुई खेलमा दुई अङ्क छ। नेपाल र श्रीलङ्का अङ्कविहीन छन्। दुवै टोलीले समान एक/एक खेल खेलेका छन्।

## नेपालले विश्वकपको दोस्रो खेल श्रीलङ्कासँग खेल्ने

काठमाडौं, २९ जेठ/रासस

आइसिसी पुरुष टी–२० विश्वकप क्रिकेट प्रतियोगिता अन्तर्गत समूह चरणको आफ्नो दोस्रो खेलमा नेपालले भोलि टेस्ट मान्यताप्राप्त राष्ट्र श्रीलङ्कासँग खेल्दैछ।

अमेरिकाको फ्लोरिडास्थित ब्रोआर्ड काउन्टी रङ्गशालामा हुने उक्त खेल नेपाली समय अनुसार भोलि बिहान ५:१५ बजेदेखि शुरू हुनेछ। सिनियर क्रिकेट प्रतियोगितामा नेपाल र श्रीलङ्का पहिलोपटक आमनेसामने हुन लागेका हुन्। त्यसो त उमेर समूहमा भने यी दुई टोलीबीच पटकपटक भेट भएको छ। नेपालले टेस्ट राष्ट्र श्रीलङ्कालाई हराउँदै आफ्नो विश्वकप यात्रालाई अगाडि बनाउने कोशिशमा रहनेछ।

त्यसैगरी, लगातार दुई खेलमा पराजित श्रीलङ्काले पनि नेपाललाई हराउँदै विश्वकपको अघिल्लो चरण प्रवेशको सम्भावनालाई जीवितै बनाउन चाहन्छ। नेपाललाई विश्वकपको सुपर आठमा प्रवेश गर्नका लागि पनि बाँकी खेल जित्नुपर्ने दबाब छ। विश्वकपमा प्रत्येक समूहका शीर्ष दुई टोली अर्को चरणमा पुग्ने प्रावधान छ।

नेपाल आफ्नो पहिलो खेलमा नेदरल्यान्ड्ससँग छ विकेटले पराजित भएको थियो। यता श्रीलङ्काको दक्षिण अफ्रिकासँग छ विकेट र बङ्गलादेशसँग दुई विकेटले पराजित भएको थियो।

नेपाली टोलीका कप्तान रोहितकुमार पौडेलले श्रीलङ्काविरुद्धको खेल नेपालका लागि टेस्ट राष्ट्रविरुद्ध जीत हासिल गर्ने पहिलो अवसरको रूपमा रहेको बताए। उनले विश्वकप क्रिकेट प्रतियोगितामा एशोसिएट राष्ट्रले पनि टेस्ट राष्ट्रलाई पराजित गरेको इतिहास रहेको भन्दै आफ्नो टोलीले उच्च मनोबलका साथ श्रीलङ्काविरुद्धको खेलमा जीत निकाल्ने विश्वास व्यक्त गरे। विश्वकप अघि नेपालले फ्लोरिडामैं क्यानडाविरुद्ध एक अभ्यास खेल खेलेको थियो। जसमा नेपाल क्यानडासँग पराजित भएको थियो।

फ्लोरिडामैं श्रीलङ्काले भने दुई अभ्यास खेल खेलेको थियो। पहिलो खेलमा नेदरल्यान्ड्ससँग हारेको श्रीलङ्काले दोस्रो खेलमा आयरल्यान्डलाई पराजित गरेको थियो। विश्वकपमा नेपालको यो दोस्रो सहभागिता हो। यस अघि नेपालले सन् २०१४ मा पहिलोपटक विश्वकप खेलेको थियो। घरेलु मैदानमा भएको एशिया छनोट खेलमा नेपालले संयुक्त अरब इमिरेट्स (युएई)लाई सेमिफाइनलमा पराजित गर्दै दोस्रोपटक विश्वकपमा स्थान पक्का गरेको थियो।

## यू–१९ सुदूरपश्चिम छनोट : कञ्चनपुरको लगातार दोस्रो जीत

बैतडी, २९ जेठ/रासस

यू–१९ एकदिवसीय राष्ट्रिय क्रिकेट प्रतियोगिताको सुदूरपश्चिम छनोटमा समूह 'बी'को चौथो खेलमा कञ्चनपुर विजयी भएको छ।

कञ्चनपुरले लगातार दोस्रो जीत दर्ता गर्ने क्रममा अछामलाई ९१ रनले हरायो। यसअघि पहिलो खेलमा कञ्चनपुरले बझाङलाई चार विकेटले पराजित गरेको थियो। जीतका लागि पाएको १२६ रनको लक्ष्य पछ्याएको अछाम ९.१ ओभरमा ३४ रनमा समेटियो। अछामका युवराज खत्रीले ११ रन बनाउनुबाहेक अन्य ब्याटरले दोहोरो अङ्कमा रन जोड्न सकेनन्।

अछामको पारी ध्वस्त पार्ने क्रममा कञ्चनपुरका कप्तान हेमन्त धामीले पाँ विकेट हात पारे। 'म्यान अफ दी म्याच' चुनिएका हेमन्तले चार ओभरमा एक मेडल राख्दै १३ रन मात्रै खर्चेर पाँच विकेट लिए। यस्तै अभिषेक थापाले तीन विकेट लिए।

यस अघि परशुराम रङ्गमैदानमा पहिला ब्याटिङ गरेको कञ्चनपुर ३५.१ ओभरमा १२५ रनमा समेटियो। जसमा राहुल चन्दले सर्वाधिक २२ रन हिर्काए। अछामका युवराज खत्री, खगेन्द्र कुँवर र रविन भण्डारीले दुई/दुई विकेट हात पारे। यो जीतसँगै कञ्चनपुर चार अङ्कका साथ शीर्ष स्थानमा उक्लिएको छ। अछाम भने दोस्रो हारसँगै प्रतियोगिताबाट बाहिरिएको छ। प्रतियोगिता अन्तर्गत भोलि कैलाली र बझाङ भिड्नेछन्। समूह 'बी'बाट शीर्ष स्थानमा पुग्ने टोली फाइनलमा बैतडीसँग भिड्नेछ। समूह 'ए'बाट बैतडी लिग चरणका सबै खेल जितेर फाइनलमा पुगिसकेको छ।

## महामारीजन्य रोग, खानेपानी र खाद्यसम्बन्धी गोष्ठी

प्रस, वीरगंज, २९ जेठ/

वीरगंज महानगरपालिका स्वास्थ्य शाखाको आयोजनामा सङ्क्रामक तथा महामारीजन्य रोग, खानेपानी र खाद्य गुणस्तरीय निगरानीसम्बन्धी एक दिने गोष्ठी सम्पन्न भएको छ।

गोष्ठीमा मनसुनको बेला महामारी फैलिने हुनाले सचेत भई खानेपानी र खाद्य पदार्थको उपभोग गर्न आग्रह गरिएको थियो। पानी परेको बेला खानेपानी दूषित हुने भएकोले पानी उमालेर खान सुझाव दिइएको थियो।



जनस्वास्थ्य निरीक्षक अनिशकान्त कुशवाहा, सुमनचन्द्र ठाकुर, मेडिकल अधिकृत डा प्रशान्तकुमार साहले सहभागीहरूलाई कार्यक्रमबारे जानकारी गराएका थिए।

गोष्ठीमा प्रहरी, पत्रकार, होटल व्यवसायीलगायतको सहभागिता थियो।

**नगरस्तरीय ...**

दास, कविता देवी, रामजीवन खाँ थारू, जीतेन्द्रप्रसाद यादव, जिन्सी शाखा प्रमुख सञ्जीतकुमार साह, पत्रकार बलिराम शुक्ला, रेडक्रस सोसाइटीका प्रतिनिधि जिकुरल्लाह अन्सारी, महिला प्रतिनिधि भुमा अधिकारी, कर्मचारी राजाराम खनाल रहेका छन्।

त्यसैगरी, कार्यपालिका बैठकबाट राहत वितरणको लागि जनप्रतिनिधिहरूको सेवासुविधाबापत नगरप्रमुखबाट १५ हजार, उपप्रमुखबाट १० हजार, वडाध्यक्षहरूबाट पाँच हजार, कार्यपालिका सदस्यहरूबाट दुई हजार, वडा सदस्यहरूबाट एक हजारको दरले रकम उठाउने निर्णय भएको नगरप्रमुख पाठकले बताए।